
विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क :१३४ ★ ने. सं. ११४६ अनला गा, षष्ठी ★ शनिबार ★ २३ जेठ, २०८३ ★ June 6, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



# सङ्कटग्रस्त क्युवामाथि थप नयाँ अमेरिकी प्रतिबन्ध

हवाना, २२ जेठ (एएफपी) । संयुक्त राज्य अमेरिकाले वर्तमान क्युवाली राष्ट्रपति तथा क्यास्ट्रो परिवारका नजिकका सदस्यहरूलाई लक्षित गर्दै बिहीबार नयाँ प्रतिबन्धहरू घोषणा गरेको छ । यस कदमले क्युवा-अमेरिका सम्बन्धमा पुनः तनाव चुलिएको छ ।

अमेरिकी प्रतिबन्ध सूचीमा राष्ट्रपति मिगुएल डियाज-क्यानेल, उहाँकी श्रीमती र सौतेनी छोरा समेत परेका छन् । साथै पूर्वराष्ट्रपति राउल क्यास्ट्रोका छोरा र नातिहरू पनि प्रतिबन्धको दायरामा आएका छन्, जसलाई क्युवाको राजनीतिक संरचनामा प्रभावशाली शक्तिकेन्द्रका रूपमा चित्रित गरिएको छ । क्रान्तिकारी सशस्त्र बल मन्त्रालयसहित अन्य केही संस्थामाथि पनि प्रतिबन्ध लगाइएको जनाइएको छ ।

क्युवामाथि सन् १९६२ देखि अमेरिकी व्यापार प्रतिबन्ध लागू रहँदै आएको छ । तर पछिल्ला महिनाहरूमा राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले इन्धन आपूर्ति रोक्ने तथा टापु कब्जाको सम्भावनासमेत सङ्केत गर्दै दबाब बढाएको बताइएको छ ।

वासिङ्टनले क्युवाको कम्युनिस्ट शासनले अमेरिकी सुरक्षामा खतरा उत्पन्न गरेको आरोप लगाउँदै आएको छ तर व्यवहारमा संरा अमेरिकाबाटै क्युवामाथि पटक पटक आतङ्कवादी हमला हुँदै आएको छ ।




यसबारे प्रतिक्रिया दिँदै राष्ट्रपति डियाज-क्यानेलले सामाजिक सञ्जाल एक्समार्फत ट्रम्प प्रशासनले क्युवा र अमेरिकाबिचको तनाव र अवरोधलाई थप गहिरो बनाउने प्रयास गरेको आरोप लगाउनुभएको छ । उहाँले क्युवाले 'याङ्की सरकारको आक्रामकता' र 'साम्राज्यवादी दबाब' को सामना गरिरहेको बताउनुभयो ।

विदेशमन्त्री ब्रुनो रोड्रिग्जले पनि नयाँ प्रतिबन्धलाई 'कठोर' भन्दै क्युवाली जनताको एकता र दृढताले यसको सामना गर्ने टिप्पणी गर्नुभयो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले भने क्युवालाई राम्रोसँग सञ्चालन हुने, आफ्ना नागरिकलाई आवश्यक सुविधा दिन सक्ने देशका रूपमा हेर्न चाहेको बताउनुभएको छ । उहाँका अनुसार क्युवाको वर्तमान अवस्था आर्थिक र ऊर्जा सङ्कटले कमजोर बनेको छ ।

पछिल्ला महिनाहरूमा क्युवामाथि लागू गरिएको इन्धन प्रतिबन्धका कारण विद्युत् उत्पादनका लागि आवश्यक डिजेल अभाव भएको छ । यसले दैनिक २२ घण्टासम्म विद्युत् कटौती, खानेपानी अभाव तथा यातायात प्रणाली लगभग ठप्प हुने अवस्था सिर्जना गरेको बताइएको छ ।

देशमा खाद्यान्न र औषधिको समेत अभाव बढ्दै गएको छ, जसका कारण क्युवा, मेक्सिको र चीनबाट मानवीय सहायता आपूर्तिमा निर्भर रहेको छ ।

संयुक्त राष्ट्रसङ्घीय प्रतिनिधिले पनि क्यारिबियन आँधीबेहरी मौसम सुरू भएसँगै क्युवाको मानवीय अवस्था 'विस्फोटक ककटेल' जस्तै गम्भीर बन्दै गएको चेतावनी दिएका छन् ।

गत वर्ष आएको शक्तिशाली आँधी मेलिसाबाट क्षतिग्रस्त पूर्वी क्युवा अझै पुनःस्थापनाको प्रक्रियामा रहेको जनाइएको छ ।

# राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश – ९

**सिफारिश खण्ड**

मानव अधिकार उल्लङ्घनकर्ता वा दोषी तोकिएका तत्तत् व्यक्तिलाई अनुसन्धान समितिले बुझाएको प्रतिवेदन तथा प्राप्त अन्य सबुत प्रमाणसमेतको आधारमा नेपालको संविधानको धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार नेपाल सरकारलाई देहायबमोजिम गर्न गराउन सिफारिस गर्ने निर्णय गऱ्यो :

१. तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली (के पी ओली), तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन सूचना तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङसमेतले मानव अधिकार उल्लङ्घन गरेको पुष्टि भएको हुँदा निजहरूलाई नेपालको संविधानको धारा २४९ को उपधारा २ (ग) बमोजिम गर्न, निजहरूलाई मानव अधिकार उल्लङ्घनको विषयमा सजाय गर्ने व्यवस्था हाल प्रचलनमा रहेको कुनै पनि कानुनमा नदेखिँदा मानवता र मानव अधिकारको कसुरमा पाश्चात्यदर्शी कानुन बनाएर पनि सजाय गर्न सकिने सर्वोच्च अदालतबाट (अधिवक्ता माधव बस्नेत वि. नेपाल सरकारसमेत ने.का.प. २०७२ अङ्क ९ नि.नं.९०५१) मुद्दामा सिद्धान्त प्रतिपादन भइसकेको हुँदा निजहरूलाई कारबाही र सजाय गर्न नयाँ कानुन निर्माण गर्नुपर्ने देखिन आयो । अत: सोबमोजिम नयाँ कानुन निर्माण गरी माथि उल्लिखित तीनैजनालाई सोही कानुनबमोजिम कारबाही गर्न र मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रयोग, अवधारणा र नेपालको आवश्यकतालाई विचार गर्दा नयाँ बनाइने सो कानुनमा निम्नबमोजिमको प्रावधान राख्न पनि नेपाल सरकारलाई परामर्श दिने निर्णय गरियो ।

क) बढीमा ६ महिना कैद वा ३ लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था राख्न ।
ख) आयोगले कारबाहीका लागि सिफारिस गरेका यस्ता विषयहरूको मुद्दा विशेष अदालतले हेर्ने व्यवस्था मिलाउन ।
ग) राजनीतिक नियुक्ति वा निर्वाचित हुने जुनसुकै पदमा कम्तीमा ५ वर्षसम्मका लागि उम्मेदवार हुन नमिल्ने व्यवस्था गर्न ।
घ) प्रशासनिक जिम्मेवारीमा कम्तीमा ३ वर्षसम्मका लागि बन्देज लगाउन ।
ङ) विदेश भ्रमणमा जान कम्तीमा ३ वर्षसम्म प्रतिबन्ध लगाउन ।
च) गम्भीर प्रकारका मानव अधिकार उल्लङ्घनबाहेक अन्य घटनाको हकमा सम्बन्धित पीडित तथा अदालतको अनुमतिले सार्वजनिक रूपमा क्षमा माग्ने, उचित क्षतिपूर्ति दिने र मानव अधिकार उल्लङ्घनकर्तालाई सजायबाट क्षमा दान दिन सकिने व्यवस्था गर्न ।
छ) मुद्दा परेपछि जुनसुकै सार्वजनिक पदमा रहेको भए तापनि स्वत: निलम्बन हुने व्यवस्था राख्न ।

२. तथ्य र विश्लेषण खण्डको प्रकरण नं २९ मा नाम लेखिएका र सेवामा रहेका नेपाल प्रहरीका तत्कालीन अतिरिक्त


*बाँकी पृष्ठ ८ मा*


# बजेट तर्जुमाका लागि कृषकहरूसँग सुझाव सङ्कलन




भक्तपुर, २२ जेठ । आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमालाई जनमुखी र उत्पादनकेन्द्रित बनाउन भक्तपुर नगरपालिकाले शुक्रबार कृषक भेला गरी आवश्यक राय सुझाव सङ्कलन गऱ्यो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले नगरपालिकाले किसानहरूलाई लक्षित गरी सञ्चालन गर्दै आएका विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरूको सन्दर्भमा बोल्दै किसानहरूको जीवनस्तर उकास्न कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नुको विकल्प नभएको बताउनुभयो ।

उत्पादन वृद्धिका लागि नगरपालिकाले किसानहरूलाई समय-समयमा कीटनाशक औषधिको सही प्रयोग, माटो परीक्षण र नयाँ-नयाँ आधुनिक कृषि प्रविधिसम्बन्धी आवश्यक तालिमहरूको बन्दोबस्त गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले भन्नुभयो, "खेती किसानी गर्ने वास्तविक किसानहरूलाई प्रोत्साहन गर्न हामीले कृषि सामग्री वितरण, किसान सूचीकरण र सहुलियत मूल्यमा कम्पोस्ट मल वितरण गर्ने कार्यलाई प्राथमिकता दिएका छौं ।"

निर्वाचनको समयमा जनतासामु गरेका प्रतिबद्धता र घोषणापत्रअनुसार नै नगरपालिकाले आफ्ना हरेक गतिविधिहरू अगाडि बढाइरहेको जानकारी दिँदै भक्तपुर नपाले कृषि उत्पादनको उचित भण्डारण र किसानहरूलाई राहत दिने उद्देश्यले नगरपालिकाले चिस्यान केन्द्र (कोल्ड स्टोरेज) निर्माण गरेको उल्लेख गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले नगरपालिकाका सम्पूर्ण आर्थिक तथा प्रशासनिक कामहरू पूर्ण रूपमा पारदर्शी र जवाफदेही ढङ्गले सञ्चालन भइरहेको विचार व्यक्त गर्दै जनताका रचनात्मक सुझावहरूले नै स्थानीय सरकारलाई सही बाटोमा हिँड्न मद्दत गर्ने उल्लेख गर्नुभयो ।


उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले नेपाल सरकारको राष्ट्रिय कार्यक्रमअन्तर्गत किसानहरूको वास्तविक तथ्याङ्क सङ्कलन गर्न र सेवा-सुविधाहरू पारदर्शी रूपमा वितरण गर्न किसान सूचीकरण कार्यलाई व्यवस्थित र प्राथमिकताका साथ अगाडि बढाइरहेको बताउनुभयो । परम्परागत कृषिलाई आधुनिकीकरण गर्दै नगरलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन नगरपालिका निरन्तर लागिपर्ने उहाँको भनाइ थियो ।

भनपा वडा नं. ३ का वडाध्यक्ष एवम् कृषि समिति संयोजक राजकृष्ण गोराले किसानहरूलाई परम्परागत खेतीबाट आधुनिक खेतीतर्फ आकर्षित गर्न नयाँ-नयाँ कृषि उपकरणहरूमा विशेष अनुदानको व्यवस्था गर्नुपर्ने, खेतीको समयमा हुने मलको अभावलाई अन्त्य गर्न खेतीका लागि चाहिने रासायनिक मल सहज र समयमै सुनिश्चित गर्नुपर्ने, प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गर्न कम्पोस्ट मलको उत्पादन र वितरणमा किसानहरूलाई विशेष सहुलियत प्रदान गर्नुपर्ने, समग्र कृषि क्षेत्रको रूपान्तरणका लागि स्थानीय तहबाट विनियोजन हुने कृषि क्षेत्रको बजेट र लगानीमा व्यापक वृद्धि गरिनुपर्ने बताउनुभयो । किसानहरूले आफ्ना उत्पादनको उचित मूल्य पाउन र बिचौलियाको अन्त्य गर्न स्थानीय तहमा व्यवस्थित तरकारी बजारको निर्माण तथा सञ्चालन, किसानहरूलाई दक्ष र व्यावसायिक बनाउनका लागि विशेष सीपमूलक तालिम तथा बजेटको व्यवस्था गर्नुपर्ने, कृषिका लागि छुट्याइएको ऋण र अनुदान वास्तविक किसानसम्म पुऱ्याउनका लागि स्पष्ट, पारदर्शी र झन्झटमुक्त कार्यविधि बनाएर अगाडि बढ्नुपर्ने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

कृषिमा आत्मनिर्भर बनाउन व्यावसायिक कृषिमा युवाहरूलाई आकर्षित गर्ने विशेष प्याकेज ल्याइनुपर्ने, स्थानीय आवश्यकता र माटो अनुकूलका कृषि उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमलाई प्राथमिकता दिइनुपर्ने उहाँले बताउनुभयो ।

कृषक प्रतिनिधिहरूले आर्थिक समृद्धिका लागि व्यावसायिक जडीबुटी खेती र औद्योगिक बाली (नगदे बाली) को प्रवर्द्धन र विस्तारमा जोड दिनुपर्ने, स्थानीय स्तरमा दुग्ध उत्पादनमा आत्मनिर्भर बन्नका लागि व्यावसायिक भैँसीपालनमा जोड दिनुपर्ने, कमलपोखरीमा कमलको फूल रोप्ने र यसलाई आकर्षक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनुपर्ने, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरी स्थानीयको आयआर्जन बढाउन इच्छुक नागरिकहरूका लागि होमस्टे व्यवस्थापनसम्बन्धी तालिमको व्यवस्था गरिनुपर्ने र नगरको सुरक्षा, चोरी-पैठारी नियन्त्रण र रात्रिकालीन सुरक्षाका लागि संवेदनशील क्षेत्र र मुख्य सडकहरूमा सडक बत्ती र सीसीटीभीहरू जडान गरिनुपर्नेलगायतका सुझावहरू व्यक्त गरेका थिए ।

**व्यङ्ग्यचित्र कुनो**







**विश्व वातावरण दिवसको अवसरमा सिद्धपोखरीमा सरसफाइ**

भक्तपुर, २२ जेठ । विश्व वातावरण दिवस (जून ५) को अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा शुक्रबार बिहान ऐतिहासिक सिद्धपोखरी परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न भयो ।

नगरको सम्पदा संरक्षण र वातावरणीय स्वच्छतालाई प्राथमिकता दिँदै आयोजना गरिएको उक्त कार्यक्रममा उपप्रमुख, जनप्रतिनिधिहरू, नगर कार्यपालिकाका कर्मचारीहरू, छिकोङ समूह, विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो । भक्तपुर नगरपालिकाले हरेक वर्ष वातावरण दिवस मात्र नभई नियमित रूपमा पनि नगरका ऐतिहासिक सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको पाक्षिक रूपमा सरसफाइ कार्यक्रम आयोजना गर्दै आएको छ । तस्बिर : मजदुर दैनिक

# सिद्धि गणेश साकोसको आयोजनामा हाडजोर्नी तथा नसा रोगसम्बन्धी स्वास्थ्य शिविर

भक्तपुर, २२ जेठ । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को यातु गणेश सेवा केन्द्र व्यवस्थापन उपसमितिको आयोजना तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा विश्व वातावरण दिवसको अवसरमा हाडजोर्नी तथा नसा रोगसम्बन्धी स्वास्थ्य शिविर र डेङ्गु रोगसम्बन्धी सचेतनामूलक कार्यक्रम यातु गणेश मन्दिर परिसर, कमलविनायकमा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले संस्था आर्थिक कारोबारमा मात्र सीमित नरही सामाजिक क्षेत्रको सेवाका निम्ति निरन्तर लागिरहेको र विभिन्न शिविर, सीपमूलक, आयमूलक तथा क्षमता अभिवृद्धिका तालिम सञ्चालन गर्दै आएको बताउनुभयो ।

उहाँले सहकारी क्षेत्रको नियमन गर्न स्थापित राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी भएका निर्देशनहरूबारे जानकारी दिँदै सहकारी ऐन २०७४ मा उल्लेख भएको एक सदस्य एक संस्थाको व्यवस्थालाई हाल कडाइका साथ लागू गर्न निर्देशन भएको बताउनुभयो ।

संस्थाका सञ्चालक सदस्य तुल्सीदास दुमरुले व्यक्ति स्वस्थ भए मात्र आय आर्जनका कार्य गर्न सकिने भन्दै संस्थाले सदस्यहरूको स्वास्थ्यलाई



मध्यनजर गरी सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट विशेषज्ञ मुटुरोगसम्बन्धी सेवा, फिजियोथेरापी सेवा, डेन्टल सेवा र जनरल स्वास्थ्य सेवा न्यून शुल्कबाट प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

ख्वप अस्पतालका डा. श्रीकृष्ण अवालले रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिन सावधानी अपनाउनुपर्ने बताउनुभयो । उहाँले पहिले धेरै गर्मी हुने तराई क्षेत्रमा मात्र डेङ्गु सङ्क्रमण भएका लामखुट्टे देखापर्नेमा हाल पहाडी क्षेत्रहरूमा पनि सो लामखुट्टेहरू देखापर्न थालेको बताउँदै पत्रु खानपान गर्मी मौसममा विभिन्न रोगको कारण हुने गरेको उल्लेख गर्नुभयो ।

उहाँले आफूले सेवन गर्ने खानपानमा ध्यान दिए ८० प्रतिशत रोग लाग्ने सम्भावना कम हुने जानकारी दिनुभयो । उहाँले महिलाहरूको महिनावारी रोकिएपछि हाडजोर्नीका समस्याहरू देखापर्नेबारे प्रस्ट पार्दै हाडजोर्नीसम्बन्धी उपचार स्वास्थ्य बीमाअन्तर्गत पर्ने भएकोले स्वास्थ्य बीमा अनिवार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले हात खुट्टा भाँचिएको अवस्थामा बिरामीको हात खुट्टा चलाउँदा भित्री चोटपटक लाग्न सक्ने र धेरै कसिएर ब्याण्डेजहरू लगाउँदा नसाले काम नगर्ने सम्भावना हुने बताउँदै चिकित्सकको सल्लाहबिना उपचार र औषधि सेवन गर्नु घातक हुने उल्लेख गर्नुभयो ।

ख्वप अस्पतालका नर्सिङ अधिकृत रचना सुवालले डेङ्गु रोग पोथी लामखुट्टेको टोकाइबाट हुने जानकारी दिँदै स्थिर जलस्रोतमा लामखुट्टेले एकपटकमा २० देखि २०० वटासम्म अण्डा दिने हुँदा डेङ्गु रोगको सङ्क्रमणबाट बच्न नियमित सरसफाइमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले डेङ्गु रोगको रोकथामका लागि सुत्दा झुलको प्रयोग, घरको झ्यालमा जालीको प्रयोग तथा नियमित घर वरपर सरसफाइ गर्दै जानुपर्ने उल्लेख गर्नुभयो ।

संस्थाका व्यवस्थापक शिला गोसाईले संस्थाको स्वास्थ्य बचतको विशेषताबारे जानकारी दिँदै सदस्यहरूलाई कम्तीमा ६ महिनाको खर्च धान्न आवश्यक रकम अनिवार्य बचत गर्न सचेत गर्नुभयो ।

कार्यक्रममा उपसमितिका सदस्य कमल कोजु र कार्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजुले पनि बोल्नुभएको थियो । शिविरमा ८२ जनाले स्वास्थ्य सेवाको लाभ लिनुभएको थियो । शिविरमा सामान्य औषधि पनि वितरण गरिएको थियो ।

# धाँ, बाँसुरी र पौंगा बाजाको प्रशिक्षण सुभारम्भ

भक्तपुर, २२ जेठ । भैरवनाथ सांस्कृतिक समूहको संयोजनामा धाँ बाजा, बाँसुरी बाजा र पौंगा बाजाको शुक्रबार प्रशिक्षणको सुभारम्भ भयो ।


उक्त प्रशिक्षण कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले कला, साहित्य र सङ्गीतको पुन: उत्थान गर्नुपर्ने आवश्यकता औंल्याउँदै सोको संरक्षण गर्न नयाँ पुस्तालाई प्रशिक्षण दिँदै जानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

समूहका सल्लाहकार न्हुछेराम भेलेले संस्कार र संस्कृति भुल्न नहुने उल्लेख गर्दै गुरुको मार्गनिर्देशनअनुसार अनुशासित भएर प्रशिक्षित हुन जोड दिनुभयो ।

अर्का सल्लाहकार कृष्णगोपाल छुस्याकीले वाद्यवादन सिकाइलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

भैरवनाथ सांस्कृतिक समूहका श्रीभक्त सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा मङ्गलाल सुवाललगायतले वाद्यवादन तालिमको महत्त्वबारे चर्चा गर्नुभयो ।

# ख्वप इन्जिनियरिङ कलेजमा आन्तरिक बास्केटबल प्रतियोगिता सुरु



भक्तपुर, २२ जेठ । विद्यार्थीहरूको शैक्षिक विकासका साथै शारीरिक र मानसिक तन्दुरुस्तीलाई प्रवर्द्धन गर्ने उद्देश्यले ख्वप इन्जिनियरिङ कलेजमा अन्तर-कक्षा बास्केटबल प्रतियोगिता सुरु भएको छ । ख्वप इन्जिनियरिङ कलेज बास्केटबल सर्कलको आयोजनामा सञ्चालित उक्त प्रतियोगिता आगामी २४ गते आइतबारसम्म चल्नेछ ।

कलेज प्राङ्गणमा आयोजित एक विशेष समारोहबिच कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेले खेल निर्णायक (रेफ्री) लाई बास्केटबल हस्तान्तरण गर्दै प्रतियोगिताको औपचारिक उद्घाटन गर्नुभयो ।

प्रतियोगिताको पहिलो दिन उत्साहजनक रूपमा तीनवटा खेलहरू सम्पन्न भएका छन् । कलेजका विभिन्न सङ्काय र ब्याचका विद्यार्थीहरू सम्मिलित टोलीहरूबिच निकै प्रतिस्पर्धात्मक खेल भएको आयोजकले जनाएको छ ।

ख्वप इन्जिनियरिङ कलेज बास्केटबल सर्कलका प्रतिनिधिहरूका अनुसार कलेजले विद्यार्थीहरूलाई पढाइको चापका बिच पनि सक्रिय र ऊर्जावान् बनाइराख्न मिलेसम्म हरेक महिना यस्ता खेलकुद प्रतियोगिताहरू आयोजना गर्दै आएको छ । इन्जिनियरिङको पढाइ आफैंमा चुनौतीपूर्ण र व्यस्त हुने गर्छ । हामी विद्यार्थीहरूलाई मानसिक तनावबाट मुक्त राख्न र हामीमा सामूहिक भावना (टीम वर्क) को विकास गर्न यस्ता खेलकुद सबैभन्दा उत्तम माध्यम हो । कलेज प्रशासनले खेलकुदलाई पाठ्यक्रमकै एक अभिन्न हिस्साका रूपमा लिँदै विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा जोड दिएको छ ।

"कडा बौद्धिक श्रम चाहिने इन्जिनियरिङ विधामा खेलकुदले 'रिफ्रेसमेन्ट' को काम गर्छ । यसले विद्यार्थीको एकाग्रता र उत्पादकत्व समेत बढाउँछ," खेलकुद सर्कलका एक अर्का सदस्यले बताए ।

प्रतियोगिताअन्तर्गत शनिबार अन्य चरणका खेलहरू सञ्चालन हुनेछन् । फाइनल खेल आइतबार सम्पन्न हुने आयोजक सर्कलले जानकारी दिएको छ ।

# संसद् छलेर अध्यादेश ल्याउनु गलत

भक्तपुर, २२ जेठ । प्रतिनिधिसभा सदस्य मदनकृष्ण श्रेष्ठले संसद् चलिरहेको अवस्थामा दुईतिहाइ नजिकको सरकारले ऐन कानुन संशोधनका लागि अध्यादेशको बाटो रोज्नु शङ्कास्पद रहेको बताउनुभएको छ ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडले 'सहकारी अध्यादेश २०८३' संशोधनको माग गर्दै बुझाएको अनुरोध पत्र ग्रहण गर्दै सांसद श्रेष्ठले संसदीय अभ्यासको खिल्ली उडाउने गरी आएको अध्यादेशका विवादित प्रावधान प्रतिस्थापन विधेयकमार्फत संशोधन गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । भक्तपुर साकोस सङ्घले जेठ २१ गते प्रतिनिधिसभा सदस्य श्रेष्ठलाई भेटी सो पत्र बुझाएको हो ।

उहाँले प्रजातन्त्रको सुन्दर पक्ष नै सबैको राय लिएर काम गर्नु रहेको औंल्याउँदै तुरुन्तै नगरी नहुने अवस्थामा बाहेक अध्यादेश ल्याउनु गलत भएको



टिप्पणी गर्नुभयो । सङ्घहरूलाई कमजोर बनाउँदा सहकारी संस्था र सदस्यहरूलाई प्रत्यक्ष असर पर्ने भएकाले आफूले संशोधनका लागि आवाज उठाउने उहाँले स्पष्ट पार्नुभयो ।

भक्तपुर बचत सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले सहकारी ऐन २०४८ देखि नै सङ्घहरूले प्रारम्भिक संस्थाहरूको अभिभावकत्व ग्रहण गर्दै तरलता व्यवस्थापनमा मेरुदण्डको काम गरिरहेको स्मरण गराउनुभयो । उहाँले 'सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३' को दफा ५० (९) मा सहकारी सङ्घहरूलाई ३ वर्षभित्र बचत तथा ऋणको कारोबार बन्द गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएको प्रति कडा आपत्ति जनाउनुभयो ।

मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडका अध्यक्ष कल्पना श्रेष्ठले पनि ऐन कानुनमै वित्तीय सङ्घसंस्थाको वर्गीकरण गरिएको अवस्थामा कारोबार रोक्न खोज्नु नियमसङ्गत नभएको बताउनुभयो ।

सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले सरकारको रोजगारी सिर्जना गर्ने वाचाविपरित यस अध्यादेशले सहकारी सङ्घहरूमा कार्यरत हजारौं कर्मचारीहरूको रोजीरोटी गुम्ने अवस्था सिर्जना गरेको भन्दै यथाशीघ्र संशोधनको माग गर्नुभयो ।

उक्त अनुरोध पत्र बुझाउने विशेष कार्यक्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूको उपस्थिति थियो ।

## सङ्क्षिप्त समाचार

### चिनियाँ सहयोगमा पुस्तकालय स्थापना

काठमाडौँ, २२ जेठ। दोलखाको गौरीशङ्कर माध्यमिक विद्यालयमा पुस्तकालय स्थापनाका साथै चीन-नेपाल सांस्कृतिक आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ। चीनको विकास तथा नेपाल-चीन सम्बन्धबारे जानकारी लिन चाहनेहरूका निम्ति उपयोगी हुने ठानिएको नवस्थापित पुस्तकालयमा चिनियाँ संस्कृतिसम्बन्धी सामग्री तथा चिनियाँ विषयवस्तु समेटिएका नेपाली भाषाका पुस्तक राखिएका छन्।

अन्तर्राष्ट्रिय बाल दिवसका अवसरमा बिहीबार चीन ग्रामीण विकास प्रतिष्ठान, काठमाडौँस्थित चिनियाँ सांस्कृतिक केन्द्र र चीनको पावर कन्स्ट्रक्सन कर्पोरेसन (पावर चाइना) को संयुक्त आयोजनामा भएको हो।

त्यस अवसरमा पावर चाइनाको सहयोगमा विद्यालयमा पुस्तकालय निर्माण तथा स्टेसनरी सामग्री उपलब्ध गराइएको थियो। त्यसैगरी केन्द्रले चिनियाँ संस्कृति झल्किने चित्रहरू तथा चिनियाँ पर्यटकीय सहरका तस्बिरहरू प्रदर्शन गरेको छ भने चीन ग्रामीण विकास प्रतिष्ठानले विद्यार्थीहरूका लागि खेलकुद सामग्री वितरण गरेको थियो।

कार्यक्रममा नेपालका लागि चिनियाँ दूतावासका काउन्सिलर झु फेङ, चिनियाँ सांस्कृतिक केन्द्रका निर्देशक लिउ झानपिङ, चीन ग्रामीण विकास प्रतिष्ठानको नेपाल कार्यालयका देशीय निर्देशक झोउ झिचियाङ तथा स्थानीय सरकारका प्रतिनिधिहरूको उपस्थिति थियो। *(रासस)*

### लामो बिदामा रहेका कर्मचारीलाई तीन दिनभित्र हाजिर हुन आह्वान

काठमाडौँ, २२ जेठ। भूमि व्यवस्था, सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्पर्कविहीन निजामती कर्मचारीलाई आगामी तीन दिनभित्र हाजिर हुन आह्वान गर्दै त्यसो नगरे कारबाही प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ।

उक्त मन्त्रालयले शुक्रबार एक सूचना जारी गरी अध्ययन बिदा तथा असाधारण बिदासम्बन्धी अभिलेख राष्ट्रिय किताबखाना (निजामती) मा अद्यावधिक नभएका कर्मचारीलाई तीन दिनभित्रमा अनिवार्य रूपमा आफ्नो अभिलेख अद्यावधिक गराउन आह्वान गरेको हो।

नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालय तथा केन्द्रीयस्तरका कार्यालयलाई आफ्नो निकायबाट विभिन्न समयमा अध्ययन बिदा वा असाधारण बिदा स्वीकृत भएका कर्मचारीको विवरण, बिदा अवधि समाप्तिपछि कर्मचारी हाजिर भए वा नभएको तथा अन्य विवरण राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय गरी यकिन गर्न र तीन दिनभित्र अभिलेख अद्यावधिक गराउन सूचनामा अनुरोध गरिएको छ। *(रासस)*

### 'झन्डै सात हजार कर्मचारीले कार्यालय समय पालना गरेनन्'

काठमाडौँ, २२ जेठ। राष्ट्रिय सतर्कता केन्द्रले सरकारी कार्यालयमा छड्के अनुगमनलाई तीव्रता दिएको छ।

केन्द्रले दैनिक १० वटा कार्यालयमा छड्के अनुगमन गर्ने गरेको केन्द्रका सूचना अधिकारी सरिता खतिवडाले जानकारी दिनुभयो। उहाँले पाँच वटा समूह बनाएर कार्यालय समयमा हाजिरी, पोशाक, फाइल ट्रापिङजस्ताको अनुगमन गरिरहेको बताउनुभयो।

उहाँका अनुसार गत साउनयता केन्द्रले एक हजार १३० कार्यालय अनुगमन गरेको छ। तीमध्ये छ हजार ७१० जना कर्मचारीले कार्यालय समय पालना नगरेको र एक हजार १६२ कर्मचारीले तोकिएको पोशाक नलगाएको पाइएको केन्द्रका सूचना अधिकारी खतिवडाले जानकारी दिनुभयो।

सो क्रममा कतिपय कार्यालयमा दुई तीनपटकसमेत अनुगमन गरिएको छ। छड्के अनुगमनमा ती कर्मचारीलाई कारबाही गर्ने सिफारिस गरेको उहाँले बताउनुभयो।

कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा ५५ अनुसार सम्बन्धित कार्यालयले चेतावनी पत्र दिने र सोको अभिलेख कार्यालमा राखिने भएको छ।

यस्तै, ऐनमा दुई पटकसम्म चेतावनी परिसकेका कर्मचारीलाई विभागीय कारबाही गर्ने व्यवस्था रहेको छ। केन्द्रले सात प्रदेशमा एक/एक जिल्लामा पनि अनुगमन गरिरहेको छ। जनसम्पर्क धेरै हुने जिल्लाका कार्यालयमा केन्द्रले अनुगमन गरिरहेको हो। *(रासस)*

### भरतपुर कारागारका कैदीमा 'भाइरल' ज्वरो

चितवन, २२ जेठ। यहाँस्थित कारागारका ५० जना कैदी भाइरल ज्वरोबाट पीडित भएका छन्।

जिल्ला कारागारका प्रमुख रवीन्द्र ढुङ्गानाका अनुसार हालसम्म ५० जना कैदीमा यो समस्या देखिएको हो। उहाँले भन्नुभयो, "दैनिक पाँचदेखि सात जनामा भाइरल ज्वरोबाट पीडित भएका छन्। समस्या दैनिकरूपमा बढको छ।"

हाल कारागारमा ७१२ जना कैदी छन्। यसको क्षमता ६०० हो। यहाँ ५० जना महिला र ५५० जना पुरुषलाई राख्नसक्ने व्यवस्था भए पनि क्षमताभन्दा बढी बन्दीलाई राखिएको छ।

भाइरल ज्वरोबाट पीडित भएकाहरूलाई छुट्टै कोठामा राखेर उपचार गरिएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय र भरतपुर महानगरपालिकाको सहयोगमा औषधि व्यवस्थापन गरिएको प्रमुख ढुङ्गानाले बताउनुभयो। *(रासस)*

# वागीश्वरी मा.वि.मा नवआगन्तुक विद्यार्थीलाई स्वागत, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम




भक्तपुर, २२ जेठ। वागीश्वरी माध्यमिक विद्यालय कमलविनायक - ९ भक्तपुरमा शैक्षिक वर्ष २०८३ सालमा विभिन्न कक्षामा भर्ना भएका नयाँ विद्यार्थीहरूको स्वागतार्थ र २०८२ सालमा विभिन्न कक्षामा उत्कृष्ट हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम गरियो।

कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले वागीश्वरी माध्यमिक विद्यालयले नेपालको शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानको आधारमा नेपालमा बढी विद्यार्थी सङ्ख्या भएको यो विद्यालय टप टेनमा परेको बताउनुभयो। हाल सामाजिक सञ्जाल र खेलमा बढी चासो राख्ने विद्यार्थीहरू रहेको उल्लेख गर्दै उहाँले नैतिकताहीन, खराब आचरण, विद्यालयको ख्याति गुम्ने कार्य कसैले र कुनै पनि पक्षले गर्न नहुने बताउनुभयो।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले वगीश्वरी तीनवटा शैक्षिक संस्था सँगसँगै सञ्चालन भएको उल्लेख गर्दै तीनवटा संस्थाप्रति बालबालिका, शिक्षक र अभिभावकहरूको अपनत्व हुनुपर्ने बताउनुभयो। यस विद्यालयको गुणस्तरीय परीक्षाको परिणाम र वागीश्वरी कलेजले दुईपटक नेपाल प्रथम गर्न सफल भएको स्पष्ट पार्दै विद्यालयको भौतिक संरचना, सेवा र सुविधालाई सबै क्षेत्रबाट बढीभन्दा बढी लाभ लिनुपर्ने बताउनुभयो।

कार्यक्रममा वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले नेपाल सरकारको आर्थिक सर्वेक्षणमा वागीश्वरी मावि टप टेनमा परेको स्मरण गराउँदै यस विद्यालयले समुदायमा आफ्नो गौरवपूर्ण सफल उपस्थितिको लागि प्रयासरत रहेको बताउनुभयो। उहाँले सङ्ख्या मुख्य होइन गुणस्तरीय नतिजा महत्त्वपूर्ण हुने कुरा उल्लेख गर्दै गुणस्तरीय नतिजाको लागि विद्यार्थी, अभिभावक र शिक्षकको सहकार्य र समन्वयमा मात्र सफल हुने बताउनुभयो।

वागीश्वरी माविका सहायक प्रधानाध्यापक उकेश सुवाल, विद्यालयका निम्न माविका इन्चार्ज विश्वराम प्रजापति, स्वागत कार्यक्रम समितिका संयोजक धनेशराज राजोपाध्याय, शिक्षक सीता कार्की र सुमन गैडाले पनि बोल्नुभएको थियो। विद्यार्थीहरूको तर्फबाट कक्षा आठका विद्यार्थीद्वय नैतिक तिवारी र विनिता सुन्दासले नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्नुभएको थियो। कार्यक्रममा शैक्षिक वर्ष २०८२ मा कक्षा प्लेग्रुप देखि कक्षा १० सम्म प्रथम, द्वितीय र तृतीय हुन सफल उत्कृष्ट विद्यार्थीहरूलाई अतिथिहरूबाट पुरस्कार वितरण गरी सम्मानित गरिएको थियो। नव आगन्तुक विद्यार्थीहरूलाई पुराना विद्यार्थीहरूबाट सांस्कृतिक कार्यक्रम गरी स्वागत गरिएको थियो। हाल वागीश्वरी माध्यमिक विद्यालयमा प्ले ग्रुपदेखि कक्षा ९ सम्म ५९२ जना नयाँ विद्यार्थीहरू भर्ना भएका थिए भने २६८९ जना विद्यार्थीहरू हाल यस विद्यालयमा अध्ययनरत रहेका छन्।

# तापक्रम वृद्धिले बाँकेमा आर्थिक र स्वास्थ्य चुनौती बढायो

**- रुपनी जिएम**

जानकी (बाँके), २२ जेठ। अत्यधिक गर्मी र बढ्दो तापक्रमले बाँकेमा आर्थिक तथा स्वास्थ्य चुनौती बढाएको छ। तापक्रम निरन्तर उकालो लागेसँगै दैनिक ज्यालादारी गर्ने मजदुर, किसान, विद्यार्थी तथा सर्वसाधारणको जनजीवन प्रभावित भएको छ भने आम्दानी घट्नुका साथै गर्मीजन्य स्वास्थ्य समस्या बढ्न थालेका छन्।

बैजनाथ गाउँपालिका-५ निवासी ४७ वर्षीया कमला नेपालीले भन्नुभयो, "दैनिक हजारदेखि एक हजार २०० रूपैयाँसम्म कमाउँथेँ, तर अहिले रु. ५०० कमाउन पनि गाह्रो छ।" वैदेशिक रोजगारबाट फर्किएपछि विगत साढे चार वर्षदेखि रिक्सा चलाउँदै आउनुभएकी कमलाले आफू र सन्तानको खर्च रिक्साको आम्दानीबाट धान्दै आउनुभएको छ। उहाँका अनुसार गर्मी मौसममा बिहान र साँझबाहेक यात्रु कम पाइने भएकाले आम्दानीमा उल्लेख्य कमी आएको छ।

"गर्मीमा साँझ र बिहान मात्र यात्रु भेटिन्छन्। दिउँसो कोही पनि निस्कँदैनन्, त्यसैले कमाइ घटेको छ", कमलाले भन्नुभयो। घरायसी जिम्मेवारीका कारण बिहान र साँझ रिक्सा चलाउन नपाउने भएकाले दिउँसो मात्रै काम गर्नुपर्ने र त्यही समयमा यात्रु नपाइने समस्या रहेको उहाँको भनाइ छ।

"सानासाना केटाकेटी छन्। बिहान खाना पकाउने, विद्यालय पुऱ्याउने र घरधन्दा गर्दा रिक्सा चलाउन भ्याइँदैन। साँझ पनि उनीहरूलाई विद्यालयबाट ल्याएपछि समय मिल्दैन। दिउँसो मात्रै रिक्सा चलाउँछु, तर गर्मीले यात्रु पाइँदैन", उहाँले भन्नुभयो।

खजुरा गाउँपालिका-३ निवासी पार्वती थारुको आम्दानीमा पनि गर्मीले असर पुऱ्याएको छ। विगत छ वर्षदेखि टनेलखेती गर्दै आउनुभएकी उहाँले यस वर्षको अत्यधिक गर्मीले तरकारी उत्पादनमा ठूलो क्षति पुगेको बताउनुभयो। "तरकारीखेती यसपटक राम्रोसँग फस्टाउन सकेन। उत्पादन कम हुँदा बिक्री पनि घट्यो", उहाँले भन्नुभयो। यस वर्ष उहाँले करेला र लौकाखेतीका लागि रु. एक लाख ७० हजार लगानी गर्नुभएको थियो। तर अपेक्षाअनुसार उत्पादन नभएकाले अघिल्लो वर्षको तुलनामा झन्डै ६० प्रतिशत आम्दानी घटेको उहाँको भनाइ छ।

प्रत्येक याममा करिब रु. पाँच लाख बराबरको तरकारी बिक्री गर्ने गरेको उल्लेख गर्दै उहाँले यस वर्षको गर्मीले खेतीमा अभूतपूर्व असर पारेको बताउनुभयो। "यो वर्षजस्तो गर्मी पहिले कहिल्यै अनुभव गरेको थिइनँ। मानिस मात्र होइन, तरकारी र बोटबिरुवासमेत गर्मीले प्रभावित भए", पार्वतीले भन्नुभयो। उहाँका अनुसार पर्याप्त मलजल र स्याहारसुसार गर्दागर्दै पनि केही बिरुवा सुके भने केही कोपिलामै नष्ट भए।

बाँकेमा अत्यधिक गर्मीका कारण विद्यार्थी पनि प्रभावित भएका छन्। विद्यार्थीको स्वास्थ्यलाई ध्यानमा राख्दै सरकारी विद्यालयले हरेक वर्षझैँ बिहान ६:०० बजेदेखि ११:०० बजेसम्म कक्षा सञ्चालन गरिरहेका छन्।

जानकी गाउँपालिका-२ स्थित भृकुटी प्राथमिक विद्यामन्दिरकी शिक्षिका राजकुमारी सिंह ठकुरीले गर्मीका कारण विद्यार्थीलाई विद्यालयमा बस्न कठिन भइरहेको बताउनुभयो। "पङ्खा चले पनि कक्षाकोठामा तातो हावाकै महसुस हुन्छ। विद्यार्थीमा थकान, टाउको दुख्ने, चक्कर आउने र पढाइमा ध्यान केन्द्रित गर्न कठिनाइ हुने समस्या देखिन थालेको छ", उहाँले भन्नुभयो।

टाढाबाट पैदल हिँडेर विद्यालय आउने विद्यार्थी अझ बढी प्रभावित हुने गरेको उहाँको भनाइ छ। "विद्यार्थीलाई पर्याप्त पानी पिउन, टाउको छोपेरसकेसम्म घामबाट जोगिन सल्लाह दिएका छौँ। अभिभावकले पनि बालबालिकाको स्वास्थ्यमा विशेष ध्यान दिन आवश्यक छ", उहाँले भन्नुभयो। अत्यधिक गर्मीका कारण भेरी अस्पतालमा उपचारका लागि आउने बिरामीको सङ्ख्या पनि बढेको छ।

भेरी अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. राजन पाण्डेका अनुसार गर्मीजन्य समस्या लिएर अस्पताल आउने बिरामीको चाप अघिल्लो वर्षको तुलनामा वृद्धि भएको छ। "बालबालिका, बाहिर काम गर्ने युवा तथा ज्येष्ठ नागरिक बढी प्रभावित भइरहेका छन्। शरीरमा पानीको कमी, टाउको दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान, वान्ता हुने तथा बेहोस हुनेजस्ता समस्या बढिरहेका छन्", उहाँले भन्नुभयो।

गर्मीबाट बच्न दिउँसोको चर्को घाममा अनावश्यक रूपमा बाहिर ननिस्कन र बाहिर जानै परे छाता, छाउको छोप्न तथा हलुका सुती कपडा प्रयोग गर्न डा. राजनले सुझाव दिनुभयो। "तिर्खा लागेपछि मात्र होइन, नियमित रूपमा पर्याप्त पानी पिउनुपर्छ। नरिवल पानी, फलफूलको रस, जाउलो तथा अन्य झोलयुक्त खानेकुराले शरीरमा पानीको मात्रा सन्तुलित राख्न मद्दत गर्छ", उहाँले भन्नुभयो। लामो समयसम्म चर्को घाममा बस्दा हिट स्ट्रोकको जोखिम रहने भएकाले विशेष सावधानी अपनाउन उहाँले आग्रह गर्नुभयो।

डा राजनले भन्नुभयो, "सकेसम्म छायाँयुक्त स्थानमा बस्ने, अनावश्यक रूपमा घाममा नहिँड्ने र शरीरमा पानीको कमी हुन नदिने बानीले धेरै स्वास्थ्य समस्याबाट बच्न सकिन्छ। सामान्य लक्षणलाई पनि बेवास्ता गर्नुहुँदैन, आवश्यक परे चिकित्सकीय परामर्श लिनुपर्छ।" *(रासस)*

। सम्पादकीय ।

# समाजवादले श्रमिकवर्गको आकाङ्क्षा र माग प्रतिबिम्बित गर्छ

समाजवाद सामन्तवाद र पुँजीवादभन्दा आधारभूत रूपले भिन्न प्रकारको नयाँ सामाजिक व्यवस्था हो । समाजवादको अजय शक्तिको स्रोत जनताको समर्थन र विश्वास हो । व्यापक जनताको हित नचाहने साम्राज्यवादी, सामन्तवादी र पुँजीवादीहरू जहिल्यै समाजवादलाई उठ्न दिँदैनन् । समाजवादी समाजले बहुमत जनताको हित हुने काम गर्छ । काम नगरी चुप लागेर बसी खाइरहने शोषकवर्गले श्रमजीवी जनताको हित हेर्दैन । समाजवादले श्रमिकवर्गको आकाङ्क्षा र माग प्रतिबिम्बित गर्छ । प्रजग कोरियामा साम्राज्यवादविरोधी राष्ट्रिय मुक्ति क्रान्ति, सामन्तवादविरोधी जनतान्त्रिक क्रान्ति र समाजवादी क्रान्ति भएको थियो ।

पुँजीवादी समाज व्यक्तिवादबाट शासित हुन्छ । व्यक्तिवादी समाजमा सामाजिक असमानता बढ्छ; गरिब र धनीबिचको दूरी बढ्छ । समाजवादी गणतन्त्रमा सच्चा प्रजातन्त्र हुन्छ । समाजवादलाई प्रजातन्त्रबाट अलग्ग गर्न सकिँदैन । यसकारण, समाजवादमा प्रजातन्त्र हुँदैन भन्ने कुरा भ्रम हो । पुँजीवादी प्रजातन्त्र जनविरोधी प्रजातन्त्र हो । साम्राज्यवादी, प्रतिक्रियावादी, पुँजीवादी र सामन्तवादीहरू पुँजीवादी संसदीय व्यवस्था या पुँजीवादी बहुदलीय व्यवस्थालाई 'प्रजातन्त्र' भनी प्रचार गर्छन् । उनीहरू पुँजीवादी प्रजातन्त्रलाई जीवन्तता दिने दाबी गर्छन् । देशको अहिलेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र पुँजीवादी व्यवस्था हो । यो पुँजीवादी व्यवस्थालाई मल, जल गर्ने काम कम्युनिस्ट भनिने दलहरूले गरिरहेका छन् । यही व्यवस्थामा रहेर समाज अगाडि बढाउने उनीहरूको दाबी हो । पुँजीवादी व्यवस्थालाई निरन्तरता दिने, मलजल हालेर कम्युनिस्ट आन्दोलनलाई पछि पार्ने दलहरू नाम जे भए पनि कम्युनिस्ट हुनसक्दैनन् । प्रजग कोरियामा रोजगारी, खाने, लाउने, बस्ने अधिकारदेखि शिक्षा र स्वास्थ्य उपचारको सबै सुनिश्चित गरिएको छ । तर, नेपालमा यस्तो कुनै सुनिश्चितता छैन । पुँजीवादीहरू आफूलाई 'मानव अधिकारको हिमायती' भन्दै समाजवादको निन्दा गर्छन् या कम्युनिस्ट पार्टीको विरोध गर्छन् । समाजवादी समाजमा राज्यले प्रत्येक व्यक्तिको जीवनको लागि उत्तरदायित्व बोकेको हुन्छ । राज्यले समाजका सबै सदस्यहरूको हेरचाह गर्ने उत्तरदायित्व बोकेको हुन्छ ।

शोषण र दमनबाट मुक्त हुने चाहना व्यापक जनताको हुन्छ । त्यो चाहना समाजवादी गणतन्त्रात्मक सरकारले गर्छ । समाजवादी समाजले श्रमिक जनतालाई श्रमको पूर्ण अधिकार प्रदान गरेको हुन्छ । जनतालाई न्यायपूर्ण तथा समृद्ध भौतिक जीवन प्रदान गर्नु समाजवादी आर्थिक जीवनको प्रमुख आवश्यकता हो । समाजवादी व्यवस्थाले उत्पादक शक्तिहरूको विकासको लागि व्यापक मार्ग प्रशस्त गर्छ । पैसा कमाउने उद्देश्य लिएको बजार अर्थतन्त्र र विदेशी एकाधिकार पुँजीपतिहरूलाई धनी तुल्याउने आश्रित अर्थतन्त्र लाद्न, 'आर्थिक सहयोग' र 'सहायता' को लोभ देखाएर उपनिवेश बनाउने, आफ्नो मातहतमा राख्ने या परनिर्भर बनाइरहेको बेलामा समाजवादी मुलुकहरूले समाजवादी अर्थतन्त्रलाई सुदृढ पार्न पहल गर्नुपर्ने हुन्छ । समाजवादी समाज क्रान्तिकारी विचारधारामा आधारित हुन्छ ।

साम्राज्यवादी र एकाधिकार पुँजीपतिहरूले पुँजीवादी विचारधारा लागू गर्न अघि सर्नु स्वाभाविक हो । नेका पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने पार्टी हो । पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दलको काँधमा चढेर एमालेले कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारलाई व्यवहारमा कसरी लागू गर्छ ? पुँजीपतिहरूले पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि सञ्चारमाध्यमहरू आफ्नो हातमा लिएका हुन्छन् र आफ्नो विचार प्रचार गर्छन् । आफूलाई कम्युनिस्ट भनिने दलले कम्युनिस्ट पार्टीको प्रचार गर्नुपर्छ; समाजवादी आन्दोलनलाई अघि बढाउने पुस्तकहरू प्रकाशन गर्नुपर्छ; पत्रिका निकाल्नुपर्छ; लेखहरू छाप्नुपर्छ; नेता तथा कार्यकर्ताको हरेक भेला, सभा, अन्तरक्रियामा कम्युनिस्ट विचार र सिद्धान्तबारे सुसूचित पार्नुपर्छ ।

क्रान्ति गर्न क्रान्तिकारी पार्टी जरुरी हुन्छ । क्रान्तिकारी पार्टीको क्रान्तिकारी विचार हुन्छ । क्रान्तिकारी पार्टीको मूल उद्देश्य आमूल परिवर्तन हो । आमूल परिवर्तन एकैबाजि नहुने हुँदा कम्युनिस्ट पार्टीले परिवर्तनको निम्ति राजनीतिक कक्षा सञ्चालन गरिरहेको हुन्छ । राजनीतिक कक्षा जनतालाई सुसूचित र सङ्गठित गर्ने माध्यम हो । नेमकिपाले समाजवादी प्रचार अभियान रोकेको छैन । देशमा पुँजीवादी पार्टीका नेताहरूको बदनाम हुँदै छ । पुँजीवादी व्यवस्थाको मनपरीतन्त्रकै कारण जनता असन्तुष्ट छन् । यसले जनता सचेत बनाउँछ ।

# खतरनाक भ्रम हो अमेरिका-इरान शान्ति सम्झौता

✍ मनोज जोशी

मे २९ मा अमेरिका र इरान छोटो अवधिको सम्झौता ( एमओयू) मा सहमतिनजिक पुगेको घोषणा गरिएको थियो । घोषणाअनुसार उनीहरूले हर्मुज जलमार्ग पुनः खोल्ने र त्यसपछि ६० दिनको समयसीमा दिने, साथै तनावग्रस्त आणविक मुद्दासहित अन्य विषयमा छलफल गर्नेछन् । यो पनि घोषणा गरिएको थियो कि राष्ट्रपति ट्रम्पले सम्झौताबारे आफ्नो अन्तिम निर्णय दिन सिचुएसन रुम बैठक बोलाएका थिए । तर, अहिले हामीले सुनेको कुरा के हो भने ट्रम्पले पहिले नै अनुमान गरिएका सर्तमाथि थप सर्त प्रस्तुत गरेका छन् । आफ्नो तर्फबाट इरानको अडान यो छ कि सम्झौता पत्रलाई अन्तिम रूप दिइएको छैन, वार्ता अझै जारी छ । अनौठो कुरा के हो भने ट्रम्प आफू विजेता भएको विश्वास गर्छन् । तर, उनले सम्झौता प्रस्ताव गरेर तेहरानलाई फाइदा पुऱ्याइरहेका छन् ।



सिचुएसन रुम बैठकको ठीक अगाडि ट्रुथ सोसलमा एउटा पोस्टमा ट्रम्पले माग हेर्दै भने, "इरान कहिल्यै आणविक हतियार वा बम राख्नेछैन भन्ने कुरामा सहमत हुनुपर्छ । हर्मुज स्ट्रेट तुरुन्तै खुला हुनुपर्छ ।" उनले थपे कि अमेरिकाले "इस्लामिक गणतन्त्र वा इरान, साथै अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीसँग समन्वय गरेर समृद्ध युरेनियम नष्ट गरिनेछ ।" सारा विश्व यो प्रक्रियालाई अलमल्लमा पर्दै हेरिरहेको छ । फेब्रुअरी २८ मा अमेरिका-इजरायलको विशाल हमलाबाट सुरु भएको विनाशकारी द्वन्द्वपछि सर्वोच्च नेता अली खामेनीको हत्या र क्षेत्रीय परिदृश्य ध्वस्त छ । युद्धले लाखौँ विस्थापित भएका छन्, आपूर्ति शृङ्खला अवरुद्ध छन् र कच्चा तेलको मूल्य प्रतिब्यारेल सय डलरनजिक छ ।

यो क्षण भारतका लागि विशेषगरी कठिन छ, किनकि गत महिना इन्धनको मूल्यमा चौथो वृद्धि भएको छ । भारतले आफ्नो तेल र एलएनजीको लगभग ५० प्रतिशत र एलपीजीको लगभग ९० प्रतिशत हर्मुजबाट प्राप्त गर्छ । उत्तिकै महत्त्वपूर्ण कुरा अमोनिया, फस्फेट रक र सल्फरजस्ता मल बनाउन आवश्यक कच्चापदार्थ साथै डायमोनियम फस्फेट र फस्फोरिक एसिडजस्ता तयार मल खाडी क्षेत्रमा उत्पादन हुन्छन् । त्यस्तै, औषधि उद्योगको लागि प्रयोग हुने विभिन्न रासायनिक उत्पादन पनि खाडीमा निर्भर छन् ।

सम्झौताको मस्यौदामा इजरायल र हिजबुल्लाहबिचको समानान्तर युद्ध अन्त्य गर्ने प्रावधान समावेश गरिएको छ, साथै हस्तक्षेप नगर्ने पारस्परिक प्रतिज्ञा पनि समावेश छन् । यद्यपि, गत शुक्रबार कूटनीतिक आशावाद चरम सीमामा पुग्नु केही घण्टाअघि अमेरिकी सेनाले हर्मुजनजिकै इरानी ड्रोन सुविधामा लक्षित हमला सुरु गऱ्यो, जसले गर्दा इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) ले कुवेतमा रहेको अमेरिकी आधारविरुद्ध बदला लिने हमला सुरु गऱ्यो ।

**प्रस्ताव कति गम्भीर ?**

पहिलो नजरमा यो सबै सामान्य कडा मोलमोलाइजस्तो देखिन्छ । तर, गहिरिएर हेर्दा त्यहाँ धेरै चिन्ता गर्नुपर्ने कारण छन् । प्रस्तावित ढाँचाले अमेरिका-इरान सम्बन्धको संरचनात्मक समस्या समाधान गर्दैन । यसले दुवै पक्षलाई शक्ति सञ्चय गर्न अस्थायी विराम मात्र प्रदान गर्छ । अझ नराम्रो कुरा युद्धको सन्दर्भमा धारणामा भिन्नता छ । ट्रम्प विश्वास गर्छन् कि अमेरिकाले इरानलाई व्यापक रूपमा पराजित गरेको छ, जबकि तेहरान सोच्छ कि वासिङटन उत्सुकतापूर्वक सम्झौता चाहन्छ, उसले अर्को टकराव खोजिरहेको छैन ।

हालको मस्यौदा सम्झौतालाई विचार गर्नुहोस् । अमेरिकाले तेहरानलाई अत्यधिक समृद्ध युरेनियमको बाँकी रहेको सम्पूर्ण भण्डार त्याग्न, हर्मुजको जलमार्गमा रहेको आफ्नो नयाँ लागू गरिएको 'पर्यवेक्षण क्षेत्र' ध्वस्त पार्न र अन्तर्राष्ट्रिय समुद्री पारवहनका लागि बलियो सुनिश्चितता प्रदान गर्न माग गरिरहेको छ । यसको बदलामा वासिङटनले हर्मुजमा आफ्नो नौसेना नाकाबन्दी आंशिक रूपमा हटाउने, तेल निर्यातका लागि सीमित प्रतिबन्ध हटाउने र इरानको फसेको सम्पत्तिको एक अंश फुक्का गर्नेछ । यो पनि विचार गर्नुहोस् कि फेब्रुअरी २८ मा इरानसँगको वार्ताबिच अमेरिकाले आक्रमण सुरु गर्नुभन्दा एक दिनअघि ओमानी विदेशमन्त्री बद्र बिन हमद अल बुसैदीले सीबीएसलाई शान्ति सम्झौताको पहुँचमा रहेको र सम्झौताअनुसार 'इरानसँग कहिल्यै पनि बम बनाउने आणविक सामग्री नहुने' बताएका थिए । उनले थपे कि तेहरानले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीद्वारा पूर्ण प्रमाणीकरण स्वीकार गर्ने र यो विषय सीधै उपराष्ट्रपति जेडी भान्सलाई जानकारी गराएको थियो ।

तर, हामी ट्रम्पको अडानबारे निश्चित छैनौँ । रिपब्लिकन पार्टीका कट्टरपन्थीको आलोचनाको सामना गर्दै ट्रम्पले अचानक वार्तामा नयाँ तत्त्व प्रस्तुत गरे । साउदी अरेबिया, यूएई, कतार, पाकिस्तान, टर्की, इजिप्ट, जोर्डन र बहराइनका नेतासँगको भिडियो कन्फरेन्समा उनले भने कि तिनीहरू सबै अब्राहम सम्झौतामा सामेल हुनुपर्छ । अब्राहम सम्झौता इजरायल र पश्चिम एसियाका राष्ट्रबिचको कूटनीतिक, आर्थिक र सुरक्षा सम्बन्धलाई औपचारिक बनाउन अमेरिकाले मध्यस्थता गरेको सम्झौताको शृङ्खला हो । ट्रम्पले यो प्रस्तावलाई कति गम्भीरतापूर्वक लिन्छन् भन्ने कुरा स्पष्ट छैन ।

यस प्रकारको सम्झौताबाट इरानीले के पाउनेछन् वा किन उनीहरू यसमा सहमत हुनेछन् भनेर बुझ्न गाऱ्हो छ । उनीहरूले भयानक बम विस्फोट अभियानको सामना गरेका छन् र आफूलाई पराजित पक्षको रूपमा हेर्दैनन् । आणविक मोर्चामा उनीहरूमाथि लगाइने सर्त ती हुन्, जसमा उनीहरूले व्यापक रूपमा सहमति जनाएका थिए । तर, उनीहरूमाथि विश्वासघाती रूपमा आक्रमण भइरहेको पाइएको छ । यो धारणाले तेहरानको आन्तरिक गतिशीलतालाई पनि पूर्ण रूपमा गलत बुझ्छ । आत्मसमर्पण गर्न तयार पराजित राज्यभन्दा पनि इरान अस्थिर घरेलु रूपान्तरणबाट गुज्रिरहेको घाइते क्षेत्रीय शक्ति हो । द्वन्द्वले इरानी राजनीतिक प्रतिष्ठानलाई भङ्ग गरेको छ, तेहरानका सडकलाई उच्च जोखिम भएको वैचारिक युद्धभूमिमा परिणत गरेको छ ।

एकातिर, सभामुख मोहम्मद बाघेर गालिबाफसँग गठबन्धन गरिएका व्यावहारिक कट्टरपन्थीले अन्तरिम सम्झौतालाई विजयको रूपमा घुमाउन खोजिरहेका छन् । अर्कोतर्फ, एक अतिवादी गुटले खुला रूपमा वार्ताको आलोचना गरेको छ । यदि सम्झौतापत्रमा हस्ताक्षर भए पनि यो गहिरो अस्थिरताको जगमा अडिएको हुनेछ । इरानी अनुपालनको मुख्य चालक आर्थिक अस्तितव हो, रणनीतिक उद्देश्यमा परिवर्तन होइन ।

*बाँकी पृष्ठ ५ मा*

# आइतबारे बिदा

✍ राजेन्द्र हाडा

जेन-जी आन्दोलनपछि गठन भएको लगभग दुईतिहाइको सरकारले १०० दिनभित्र गर्ने कार्य सूची सार्वजनिक गर्दै एकपछि अर्को निर्णयहरू गऱ्यो । सरकारले सार्वजनिक संस्थाहरूमा राजनीतिक नियुक्ति खारेजी, मन्त्रालयको कटौती, २०६० यता सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने, सहकारी पीडितहरूको बचत फिर्ता गर्ने तथा सरकारी र सार्वजनिक संस्थाहरूमा हप्ताको दुई दिन शनिबार र आइतबार बिदा गर्ने नीति ल्यायो ।

बालेन कामनपाको मेयर हुँदा उनले बुक फ्रि डेको नीति ल्याएर विद्यार्थीलाई नपढाइ अन्य क्रियाकलापमा प्रयोग गर्ने गरी परीक्षणहरू गरेका थिए । सरकारी विद्यालयमा दुई दिन बिदा दिने निर्णय अरु निर्णयजस्तै विवादमुक्त हुन सकेन ।

१-१२ कक्षासम्मको विद्यालय शिक्षा सङ्घीय संविधानअनुसार स्थानिय तहको मातहतमा राखिएको छ । स्थानीय तह स्वायत्त रूपमा सञ्चालन हुने संस्था हो । यसले आफैले आफ्नो क्षेत्रका लागि आवश्यक ऐन-कानुनहरू निर्माण गर्न सक्छ ।

विद्यालयमा दुईदिने बिदा दिने निर्णयको केही स्थानीय सरकारहरूले आइतबार साबिकजस्तै कक्षा सञ्चालन नियमित राख्नेमा भक्तपुर नगरपालिका पहिलोमा आउँछ । यसैको सिको गर्दै अहिले काठमाडौँ उपत्यका मेयर फोरमले पनि दुई दिन बिदाको विरोधमा आवाज उठायो । त्यसको एक-दुई दिनपछि नै सङ्घीय सरकारले दुई दिन बिदा दिने सरकारको निर्णय नमान्ने सबैलाई कारबाही गर्ने कडा चेतावनी जारी गरेको छ । यसले सरकार र स्थानीय तहबिच घम्साघम्सीको स्थिति सिर्जना गऱ्यो । भक्तपुरमै पनि यसबारे दुई धार देखापऱ्यो । एक-दुई स्कूलका प्राचार्यहरूले मसिनो स्वरमा विरोधका आवाज राख्न थालेका छन् ।

शैक्षिक विकासमा भक्तपुरको आफ्नो छुट्टै पहिचान छ । भक्तपुरले शिक्षालाई विशेष महत्त्व दिएको छ । जनयुद्ध वा अन्य किसिमको जनआन्दोलनहरूमा पनि नगरको शैक्षिक गतिविधिलाई सुचारु नै राखेका थिए । विभिन्न आन्दोलनताका आह्वान हुने उपत्यका बन्द, नेपाल बन्दको बेला पनि विद्यालयहरू सुचारु नै राखे । यसको उद्देश्य नै तल्लो स्तरका जनताका छोराछोरीको शिक्षाको अधिकारस्तरलाई कायम गर्ने योजनाबाट वञ्चित नहोस् भन्ने हो । धनीमानीका छोराहरू त विदेशमै गएर पनि पढाइ चालू राखेको हुन्छ ।

संसारमा अन्य देशतिर हेर्ने हो भन्ने पनि कोरिया, भियतनाम, चीन आदि देशहरूमा युद्धको बेलामा पनि विद्यालयको पढाइ सुचारु रहेको बताइन्छ । भलै कक्षा चौरमै किन नहोस् ।

**बिदाबारे**

शनिबार/आइतबार बिदा दिने चलन नेपालमा भन्दा बढी युरोप, अमेरिकातिर चलन चल्तीमा छ । नेपालमा पहिले पनि शनिबार/आइतबार बिदा दिने चलन सुरु गरिसकेको थियो । तर, पछि सरकार आफैले फिर्ता लियो । हप्ताको दुई दिन बिदा दिने देशहरूमा विद्यालय पढाइ हुने दिन यसप्रकार छ -

| **मुलुक** | **वार्षिक पढाइ हुने दिन** |
|---|---|
| डेनमार्क, इटाली र जर्मनी | २०० |
| बेलायत, आयरल्यान्ड, नेडरल्यान्ड | १९० |
| स्पेन, फ्रान्स | १८० |
| अल्वानिया, माल्टा, लाट्भिया | १६५-१७० |
| अमेरिका (साधारणतया) | १८० |
| अधिकत्तम | १८५ |
| न्यूनत्तम | १६० |
| चीन | २००-२२० |
| भारत (प्राथमिक) | २०० |
| भारत (माथिल्लो प्राथमिक) | २२० |
| भारत (माध्यमिक) | २१०-२२० |
| अब भक्तपुर नगरपालिकाको शैक्षिक पात्रोअनुसारको बिदा पनि हेरौँ - | |
| शनिबार | ५२ |
| वार्षिक दिन | ३६५ |
| सार्वजनिक बिदा | ३६ |
| जम्मा बिदा | १७६ |
| वार्षिक अन्य बिदा | ४५ |
| स्थानीय पर्व बिदा | ५ |
| **जम्मा** | **१३८** |
| परीक्षा दिन | २१ |
| रिजल्ट तयारी एवं वार्षिक कार्ययोजना | ७ |
| विद्यालय खुल्ने दिन | २३८ |
| पढाइ हुने दिन | १८९ |

यसमा आइतबार ५२ दिन बिदा पनि थप गर्दा जम्मा १३७ मात्र पढाइ हुने देखिएको छ । यसमा स्कूलमा हुने विभिन्न किसिमको कार्यक्रमको तयारीका लागि पढाइ नहुने दिन सामेल नै गरिएको छैन । तसर्थ, अन्य देशको तुलनामा विभिन्न बिदाका दिनहरू धेरै भएको कारण नेपालका लागि आइतबार थप बिदा दिनु कुनै पनि कोणबाट उपयुक्त छैन ।

फेरि आजकल केटाकेटीहरू पढाइभन्दा अन्य गतिविधिमा बढी केन्द्रित हुँदै गएको छ । केटाकेटीदेखि नै मोबाइलको लत बढी देखिएको छ । जसलाई छुटाउन अभिभावकलाई हम्मे हम्मे परेको छ । फेरि सरकारी स्कूलमा पढ्ने अधिकांश विद्यार्थीहरूको घरमा पढ्ने वातावरण नै छैन । अभिभावकहरूकै आग्रहमा भक्तपुरका कतिपय स्कूलहरूले स्कूल समयबाहेक पनि छुट्टै १-२ घण्टा स्कूलमै गृहकार्य आदि गराएर मात्र घर पठाउने गरेको पाइन्छ ।

सरकारी सार्वजनिक स्कूलहरूमा पढाइको दिन घट्नु भनेको गरिबका छोराछोरी पढाइमा कमजोर गर्ने र पछि पार्ने नीति हो । अहिले पनि हुने खाने वर्गका छोराछोरीहरू निजी विद्यालयमा आइतबार पनि पढ्दै छन् ।

यस मानेमा आइतबारको थप बिदा कडाइका साथ लागू गर्नुभन्दा पनि हटाउनु नै बेस हो । आइतबार बिदा दिन कडाइ गर्नु भन्ने शिक्षा स्तर घटाउने गरिबमारा नीति नै हो । राष्ट्रघात गर्नु नै हो । जनताको पढ्न पाउने मौलिक हकको उल्लङ्घन हो । समयमै यस्ता नीतिहरू सच्याउनु बुद्धिमानी हुनेछ ।

आन्दोलनको उग्र रूप भारत र अमेरिकाको सहयोगबिना हुनै नसक्ने भन्ने कुरा विभिन्न सञ्चारमाध्यमहरूले प्रकाश पारिसकेका छन् । यसकारण, वर्तमान बालेन सरकार पनि तिनै शक्तिहरूको दृश्य र अदृश्य सहयोगकै फल हो । देशमा भद्रगोल मचाउनकै लागि बालेन सरकार गठन भएको भन्ने मत चिर्नका लागि पनि यस्ता देशघाती गरिबमारा निर्णयहरू सच्याउनुपर्ने व्यापक जनताको माग छ ।

# मोबाइल भर्सेज किताब

✍ हरिहर तिमिल्सिना, शिक्षक तथा लेखक


अर्नेस्ट हेमिङ्वेले भनेका रहेछन्, "दुनियाँमा पुस्तक जति बफादार र भरपर्दो साथी अरु केही छैन ।" अहिले यसो भन्यो भने एकथरी मानिसलाई चित्त नबुझ्न सक्छ । अब दुनियाँ बदलि सक्यो । अब त मानिसको मोबाइल जति भरपर्दो साथी अरु केही हुन सक्दैन होला । के मोबाइल साँच्चै भरपर्दो मात्र छ ? यसले साराका साराको समय खोसेको छ । भोक, निद्रा र सिर्जनशीलता खोसेको छ । बालबालिकाको बालापन खोसेको छ । युवायुवतीको मौलिक बैंस खोसेको छ अनि बुढाबुढीको चैन खोसेको छ । अचेल डोरीबिना झुन्डिन मिल्ने वस्तु छ भने त्यो मोबाइल नै भएको छ । अचेल हामी जोसुकै जहाँसुकै होस् मोबाइलमै झुन्डिएका हुन्छौँ ।

एउटा तथ्याङ्कले भन्छ, 'एक दिनमा एउटा मानिसले २६०० पटक मोबाइल छुन्छ रे ।' यो वाक्य सुन्दा अलि हजम नहुन सक्छ । त्यत्रो पटक त कसले छुन्छ होला जस्तो लाग्छ । यसमा गोजीबाट निकाल्ने, समय हेर्ने, फोन गर्ने, रिसिभ गर्ने, सन्देश लेख्ने, सुम्सुम्याउने, बटन थिच्ने, स्क्रोल गर्ने, पेज खोल्ने, लाइक गर्ने, कमेन्ट गर्ने सबै प्रक्रिया पर्दा रहेछन् । यसको मर्म बुढीऔँलालाई जति अरुलाई कसरी थाहा होला ? खासमा मोबाइल शरीरको अङ्ग जत्तिकै अभिन्न बन्न पुगेको छ । एकछिन मोबाइल भएन भने हातखुट्टा बाँधिदिएजस्तो, मुख थुनिदिए जस्तो, सारा स्वतन्त्रताको हरण गरिदिए जस्तो कस्तो कस्तो उकुसमुकुस हुने गर्छ । सुत्नेबेलामा पनि हातले भेट्ने ठाउँनजिक यसको बास हुन्छ ।

अचेल आमाबुबाले सानो बच्चा रुँदा फुलाउन मोबाइल दिने गर्छन् । आमाहरूलाई 'को खाई को खाई' गरेर खाना खुवाउने फुर्सद छैन । खाना खुवाउने बेलामा मोबाइलमा गीत वा कार्टुन लगाएर अगाडि राखिदिने गर्छन् । सुत्ने बेलामा हजुरआमाको कथा र लोरी सुन्ने जमाना पनि सकिएको छ । बच्चा हुँदा पहिला पहिला बाघ आयो, भूत आयो, गुजी (बुजी) आयो, पुलिस आयो भनेर मिथ्याचार गर्नुपर्थ्यो । अहिले त बस मोबाइल दिएपछि बच्चा खुस, आमाबुबा पनि खुस । मोबाइलको कुलत यसरी लागेको छ कि अब यो सञ्चारको आधुनिक साधनमा मात्र सीमित रहेन । विद्यार्थीको गृहकार्य गर्ने साथी पनि यही छ । तपाईँ भएको जुनसुकै गृहकार्य दिनुहोस् गुगल गुरुले सजिलै बताइदिनुहुन्छ । विद्यार्थी यसैबाट कपी पेस्ट गरेर अर्का गुरुलाई बुझाउँछन् । अचेलका विद्यार्थी मोबइलमार्फत फेसबुक, टुइटर र इन्स्टामा नयाँ नयाँ फोटा टाँस्छन् । साथै सिनेमा हेर्छन्, गीत सुन्छन्, टिकटक हेर्छन्/बनाउँछन् । गेम खेल्छन्, दोस्तीगिरी गर्छन् । अब तिनीहरूको रुचि कार्टुन हेर्नुमा मात्र सीमित रहेन । बरु, तिनीहरूले मौका हेरी बुबाआमा र शिक्षकलाई नै 'कार्टुन' बनाउँछन् ।

आधुनिक जमानामा मोबाइलबिना मानिसको जीवन चल्दैन । यो अत्यावश्यक सामग्री पनि हो । आवश्यकताका साथै कतिपय अवस्थामा यो काउसाको मालाजस्तो पनि बन्न पुगेको छ । विद्यार्थीलाई त मोबाइल पाएपछि बाउआमा, समाज, इस्टमित्र, संस्कार, कामकाज, घरधन्दा, जिम्मेवारी र बाहिरी संसार केही नचाहिने भएको छ । अधिकांश अभिभावकको गुनासो के हुने गर्छ भने - 'लौन बच्चा चौबिसै घण्टा मोबाइलमा झुन्डियो ।' यसमा बच्चाको केही दोष छैन । दोषी त विद्यालय र अभिभावक दुबै छन् । यो समस्याको एउटा मात्रै समाधान किताब हो । मोबाइल खेलाउने हातमा किताब थमाउन अब ढिला भइसकेको छ । स्टेफिन हार्गेभर्स भन्छन्, "मस्तिष्क, हृदय र आत्माको उदात्तीकरणका लागि पुस्तक जति महत्त्वपूर्ण कुरा अरु केही छैन ।" हाम्रा लागि भने किताबको महत्त्व अहिले पनि जिरा मरिच पोको पार्ने कागजबाट माथि उठ्न सकेको छैन । यहाँ भुल्नै नहुने कुरा के हो भने हामीले बच्चालाई किताबको लती बनाउन नसकेकै कारण उनीहरू मोबाइलका कुलती भएका हुन् ।

बच्चा विद्यालयमा जानुभन्दा अगाडिदेखि नै उसका हातमा विभिन्न खाले किताब पर्नुपर्ने हो । सचित्र लेखिएका कथा, कविता, गीत र अन्य सामग्रीले बालबालिकाका मस्तिष्कमा सकारात्मक प्रभाव पार्छन् । उनीहरू कल्पनाशील र सिर्जनशील बन्छन् । यहाँ त बच्चालाई विद्यालय हालेको दिनदेखि पाठ्यपुस्तकको घोकन्ते संस्कृति सुरु गराइन्छ । निश्चित कुरा घोकेर ग्याम्म



नम्बर ल्याएपछि बच्चाले तगडा विद्यार्थीको पगरी पाइहाल्छ । हाम्रो शिक्षा प्रणालीको सबैभन्दा ठुलो दुष्मन के हो भने यो नर्सरीदेखि नै निश्चित पाठ घोकेर सुरु भई मास्टर डिग्रीमा नोटकपी र फोटोकपीले प्रदान गरेको ज्ञानमा पुगेर टुङ्गिन्छ । हेरिल्याउँदा खेरी सीमित पाठ्यपुस्तक पढाउने पद्धति नै सिकाइको सबभन्दा ठुलो बाधक भएको भेटिन्छ । पाठ्यपुस्तकले हदसम्म गर्ने भनेको परीक्षामा सफल गराउने हो । जीवनमा सफल बनाउने हो भने पाठ्यपुस्तक बाहिरका किताब पढाउनुको विकल्प छैन । अब परीक्षामा मात्रै सफल बनाउने कि जीवनमै सफल बनाउने हो, छान्ने जिम्मा अभिभावक र विद्यालयको ।

मैले कतिपय विद्यालयका शिक्षक, प्रिन्सिपल र व्यवस्थापकदेखि अभिभावकसम्मलाई एउटै रोगले गाँजेको देखेको छु । त्यो के हो भने कोर्स बाहिरका किताब पढ्यो भने विद्यार्थी बिग्रिन्छ रे । तिनले कोर्स बाहिरका किताब पढ्न खोज्ने विद्यार्थीलाई गाली गरेर हतोत्साहित गरेको मैरै आँखाले कैयौँपटक देखेको छु । अबको विद्यार्थीलाई पाठ्यपुस्तकको सीमित ज्ञानमा मात्र अल्झाएर राख्नु भनेको विद्यालयहरूले गर्ने पाप कर्म हो । तसर्थ, विद्यालयहरूले बढीभन्दा बढी पुस्तक भएको भव्य पुस्तकालयको अवधारणा ल्याउनु जरुरी छ । अलिकति ढङ्ग पुऱ्याउने हो भने कक्षाकोठा नै पनि मिनी लाइब्रेरी बन्न सक्छ । विद्यार्थीलाई उसको तहअनुसार कम्तीमा महिनाको दुईओटा पुस्तक अध्ययन गर्ने वातावरणको सिर्जना गर्नु अत्यावश्यक भइसकेको छ ।

कतिपय विद्यालय सञ्चालक र प्रिन्सिपलसम्मलाई के लाग्छ भने कोर्स बाहिरका किताब पढाउँदा नेपाली-अङ्ग्रेजीलगायतका भाषा विषयलाई मात्रै सहयोग हुन्छ । किताब पढ्ने र पढाउने काम साहित्यको मामला हो । विज्ञान, गणितजस्ता विषयसित यसको गोरु बेचेको साइनो पनि छैन । यो सोचाइ एकदमै गलत छ । बाहिरी किताब पढी विद्यार्थी सिर्जनशील, तार्किक र कल्पनाशील हुँदा यसले विज्ञान र गणितजस्ता विषयलाई पनि धेरै फाइदा गर्छ । कुनै कुनै विद्यालय र अभिभावकले एसईई र १२ कक्षाको जाँच दिने विद्यार्थीलाई झन् कडा नियम बनाएर बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म कोर्सका विषय मात्र रट्टु मार्न लगाउँछन् । कुनै पनि बोर्ड परीक्षा अरुभन्दा फरक होइन । बरु, उनीहरूलाई नयाँ-नयाँ किताब पढाउने, सिनेमा देखाउने अनि गीत सुनाउने चाँजो मिलाएर कोर्सको पढाइलाई सँगसँगै लैजान सकिन्छ । एसईई परीक्षाको प्रश्नपत्र र कक्षा नौको प्रश्नपत्रमा के फरक छ ? कक्षा ११ र १२ को प्रश्नपत्रमा के फरक छ ? यसरी बोर्ड परीक्षाहरूलाई चाहिनेभन्दा बढी महत्त्व दिँदा तल्लो कक्षामा पढ्ने विद्यार्थीमा पनि पढ्ने भनेको बोर्ड परीक्षा आएपछि मात्रै हो भन्ने भावनाको विकास भएको पाइन्छ । परीक्षाको रुटिन निस्केपछि मात्रै पढ्न सुरु गर्ने बानी लाग्न यस्तै व्यवहार जिम्मेवार हुन्छन् ।

जाडो मौसम सकियो । हामीले सन्ततिलाई न्यानो राख्न अनेक खाले ज्याकेट, सुइटर, मोजा, पञ्जा, जुत्ता आदि किनिदियौँ होला । उनीहरूको शरीर सपार्न हामी अनेक खर्च गऱ्यौँ होला । गच्छेअनुसारको खुराक पनि खुवायौँ होला । शरीरको खुराकको हामी धेरै चिन्ता गर्छौं । दिमागको खुराक किताबहरू किनिदिनु पर्छ कि पर्दैन ? अब नयाँ शैक्षिक सत्र सुरु हुँदै छ । केही दिन विद्यार्थीहरू अलि फुर्सदमा हुनेछन् । विद्यालयले तोकिदिएका पाठ्यपुस्तक त हामी खुरुखुरु किनिदिइहाल्छौँ । कोर्स बाहिरका किताब किनिदिने हाम्रो योजना छ कि छैन ? कसैलाई नयाँ वर्ष वा जन्म दिनको उपहार दिनु छ भने राम्रो किताब किनेर किन नदिने ? जतिखेर पनि मोबाइल खेलाउने हातले किताब समाएको कल्पना गरौँ त ! हेर्दा यो कुरा सामान्य लाग्न सक्छ तर राष्ट्रोत्थानको जग यहींबाट सुरु हुन्छ ।

*(लेखक पढाउनेले पढौँ अभियानका अभियन्ता हुन् ।)*

***स्रोत : बाल विकास स्मारिका-२०८१***

***खतरनाक...***

दशकौँको संरचनात्मक कुप्रबन्धन, हालैको महत्त्वपूर्ण पूर्वाधारको विनाशले गर्दा इरान आफ्ना नागरिकलाई आधारभूत आवश्यकता पूरा गर्न सङ्घर्ष गरिरहेको छ । शासनलाई यसको घरेलु पतन रोक्न प्रतिबन्ध राहत चाहिन्छ ।

एकपटक नौसेना नाकाबन्दी हटाइएपछि र तेल राजस्व तेहरानको ढुकुटीमा फिर्ता आउन थालेपछि, इरानी संशोधनवादका आधारभूत चालक पुन: देखा पर्नेछन् । एउटा शासन, जसको आधारभूत पहिचान अमेरिकीविरोधी र प्यालेस्टिनमा इजरायली कब्जाको अन्त्यमा निर्मित छ, त्यसलाई केही अर्ब डलरको सम्पत्ति रिलिजले स्थायी संयमतामा ल्याउन सकिँदैन । तर, तेहरानका लागि ठुलो मुद्दा विश्वास हो । वार्ताको बिचमा दुईपटक आक्रमण गरिसकेपछि उनीहरूलाई लाग्छ कि वासिङटनले फेरि आफ्नो सुरक्षा कम गर्न बाध्य पार्न खोजिरहेको छ । इरानसँग रहेको एक मात्र अवरोध भनेको हर्मुजमा यसको निरन्तर खतरा र यसको आणविक क्षमता हो, जुन यो अस्थायी रूपमा निलम्बन गर्न इच्छुक छ, तर सधैँका लागि होइन ।

अमेरिकी रणनीति अदूरदर्शी छ । तत्कालको लेनदेन जितमा कडा ध्यान केन्द्रित गरेर (इरानबाट युरेनियम निकाल्ने र ढुवानी लेनहरू खोल्ने) यसले दीर्घकालीन गणनालाई बेवास्ता गरिरहेको छ । वासिङटनले यस द्वन्द्वका लागि ठुलो प्रतिष्ठा र कूटनीतिक मूल्य चुकाएको छ, जसले सैन्य अभियानलाई समर्थन गर्न अस्वीकार गर्ने धेरै नेटो सहयोगीलाई टाढा बनाएको छ । धोकाको रणनीतिको रूपमा वार्ता गर्ने ट्रम्प शैलीले इरानीलाई अमेरिकासँगको कुनै पनि व्यवस्थामा विश्वास गर्न गाऱ्हो बनाउनेछ ।

स्पष्ट रूपमा भन्नुपर्दा, यदि अमेरिकाले इरानको रणनीतिक दृष्टिकोण परिवर्तन गर्न चाहन्छ भने त्यसका लागि स्थलमा लामो सैन्य अभियान आवश्यक पर्नेछ, त्यसपछि पनि सफलताको कुनै ग्यारेन्टी हुनेछैन । तर, हामीले देखेको कुरा के हो भने अमेरिका सम्झौता चाहन्छ, तर उसले इरानले स्वीकार नगर्ने सर्त लगाइरहन्छ ।

(जोशी दिल्लीस्थित अब्जर्भर रिसर्च फाउन्डेसनका प्रतिष्ठित फेलो हुन् ।)

***- 'द वायर' बाट***



इरानको राजधानी तेहरानमा आयोजित पर्व इद अल गदर मनाउन इमान होसैन स्क्वायरदेखि आजादी स्क्वायरसम्म १० किमि लामो जनताको परेड जून ४, २०२६ का दिन । *तस्बिर : इर्ना*

# चिनियाँ राष्ट्रपति सीको प्रजग कोरिया भ्रमण तय

पेइचिङ, ५ जून (एपी) । चिनियाँ राष्ट्रपति सी चीनफिङले आगामी हप्ता प्रजग कोरियाको राजकीय भ्रमण गर्नुहुने भएको छ । सन् २०१९ यता पहिलोपटक हुन लागेको यो भ्रमणलाई चीनले प्योङयाङसँगको आफ्नो प्रभाव र रणनीतिक सम्बन्ध पुन: मजबुत बनाउने प्रयासका रूपमा हेरिएको छ ।

चीन र प्रजग कोरियाले शुक्रबार सार्वजनिक गरेको जानकारीअनुसार सीले सोमबारदेखि मङ्गलबारसम्म प्रजग कोरियाको भ्रमण गर्नुहुनेछ । उहाँको पछिल्लो भ्रमण जुन २०१९ मा भएको थियो ।

यो भ्रमण प्रजग कोरियाली नेता किम जोङ उनले पछिल्ला वर्षहरूमा रुससँग निकटता बढाइरहेका बेला हुन लागेको हो । विशेषगरी युक्रेन युद्धमा समर्थनस्वरूप प्रजग कोरियामाथि रुसलाई सैनिक र परम्परागत हतियार उपलब्ध गराएको आरोप लाग्दै आएको छ । यद्यपि, चीन अझै पनि प्रजग कोरियाको सबैभन्दा ठुलो व्यापारिक साझेदार र प्रमुख सहायता प्रदायक बनेको छ ।

अन्तर्राष्ट्रिय सङ्कट समूहका विश्लेषक विलियम याङका अनुसार रुससँग प्रजग कोरियाको सम्बन्ध विस्तार भइरहेका बेला चीनले सीको भ्रमणमार्फत प्योङयाङमा आफ्नो प्रभाव पुन: स्थापित



गर्न र उत्तर-पूर्वी एसियामा आफ्ना रणनीतिक हित सुरक्षित गर्न खोजिरहेको छ ।

सीको भ्रमण पेइचिङमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भएका उच्चस्तरीय भेटघाटपछि हुन लागेको हो । यसलाई चीनले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा आफ्नो भूमिका बलियो बनाउने प्रयासका रूपमा पनि हेरिएको छ ।

विश्लेषकहरूका अनुसार नेता किम जोङ उन प्रजग कोरियालाई अन्तर्राष्ट्रिय रूपमा आणविक राष्ट्रका रूपमा स्वीकार गराउँदै प्रतिबन्ध हटाउन वा खुकुलो बनाउन चाहनुहुन्छ । साथै भविष्यमा अमेरिकासँग हुने सम्भावित वार्तामा आणविक कार्यक्रमको आंशिक कटौतीको बदलामा राजनीतिक तथा आर्थिक रियायत प्राप्त गर्ने रणनीति पनि उहाँको हुन सक्ने आकलन गरिएको छ ।

सन् २०१९ मा ट्रम्पसँगको कूटनीतिक प्रयास असफल भएपछि किमले आणविक कार्यक्रम विस्तारलाई प्राथमिकता दिँदै आउनुभएको छ । ट्रम्पले भने पुन: वार्ताको इच्छा व्यक्त गरिरहनुभएको छ । तर, प्रजग कोरियाले अमेरिकाले आणविक नि:शस्त्रीकरणलाई पूर्वसर्त बनाउन छाडेपछि मात्र सार्थक संवाद सम्भव हुने अडान राखेको छ ।

गत सेप्टेम्बरमा पेइचिङमा भेटवार्ता गर्दा सी र किमले आपसी सहयोग तथा समर्थन बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । त्यतिबेला किम चिनियाँ सैन्य परेडमा सहभागी हुन पेइचिङ पुग्नुभएको थियो ।

रुस र चीनले विगतमा प्रजग कोरियामाथि थप कडा अन्तर्राष्ट्रिय प्रतिबन्ध लगाउने अमेरिकी प्रयासहरूको विरोध गर्दै आएका छन् । गत महिना पेइचिङमा भएको भेटमा पुटिन र सीले प्रजग कोरियामाथि आर्थिक प्रतिबन्ध, राजनीतिक अलगाव र सैन्य दबाब बढाउने गतिविधिको विरोधसमेत गर्नुभएको थियो ।

पछिल्ला वर्षहरूमा किमले बहुध्रुवीय विश्व व्यवस्थाको पक्षमा उभिँदै अमेरिका र उसका साझेदार राष्ट्रहरूसँग तनावमा रहेका देशहरूसँग सम्बन्ध विस्तार गर्ने नीति अघि बढाउनुभएको छ ।

कोभिड-१९ महामारीपछि विदेश भ्रमण घटाउनुभएका सीका लागि पनि यो भ्रमण महत्त्वपूर्ण मानिएको छ । विश्लेषकहरूका अनुसार प्रजग कोरियाको यो भ्रमणले चीन-प्रजग कोरिया सम्बन्ध मात्र नभई उत्तर-पूर्वी एसियाको सुरक्षा र शक्ति समीकरणमा पनि नयाँ सन्देश दिनेछ ।

# युक्रेनमा रुसी आक्रमण : तीन जनाको मृत्यु

किएभ (युक्रेन), ५ जून (एएफपी) । युक्रेनका विभिन्न क्षेत्रमा भएको रुसी आक्रमणमा तीन जनाको मृत्यु भएको क्षेत्रीय अधिकारीहरूले शुक्रबार बताएका छन् ।

युद्ध अन्त्य गर्ने कूटनीतिक प्रयासहरू कम भएकाले पछिल्लो समयमा मस्को र किएभले एक-अर्कालाई लक्षित गर्दै हवाई तथा ड्रोन आक्रमणहरू तीव्र पार्दै आएको जनाइएको छ ।

युक्रेनको दक्षिणी सहर खेरसनमा भएको रुसी ड्रोन आक्रमणमा एक जना ७५ वर्षीय वृद्धको मृत्यु भएको सहरको सैन्य प्रशासनका प्रमुख यारोस्लाव सान्कोले बताउनुभएको छ ।

जापोरिझियामा भएको अर्को ड्रोन आक्रमणमा एक जना महिलाको मृत्यु हुनुका साथै अन्य १६ जना घाइते भएको आपत्कालीन सेवाले जनाएको छ ।

रुसी ड्रोन आक्रमण तथा गोलाबारीले निप्रोपेट्रोभस्कको पाभ्लोग्राड जिल्लामा एक जना महिलाको ज्यान गएको क्षेत्रीय गभर्नर ओलेक्सान्डर गान्जाले शुक्रबार टेलिग्राममार्फत पुष्टि गर्नुभएको छ ।

रुसले सन् २०२२ देखि युक्रेनलाई ड्रोन तथा मिसाइलले प्रहार गर्दै देशको दक्षिण र पूर्वका भागहरू कब्जा गरी रहेको छ ।

यसैगरी, उत्तरपूर्वी युक्रेनको कोनोटोप सहरमा भएको रुसी आक्रमणमा तीन जना बालबालिका घाइते भएको सहरका मेयर आर्टेम सेमेनिखिनले टेलिग्राममार्फत बताउनुभएको छ ।

रुसको रक्षा मन्त्रालयले शुक्रबार विभिन्न क्षेत्रमा १२३ वटा युक्रेनी ड्रोनहरू रोकी नष्ट गरेको बताएको छ भने युक्रेनको वायुसेनाले रातारात १९८ रुसी ड्रोन खसालेको बताएको छ ।

**युद्ध अन्त्यका लागि प्रत्यक्ष वार्ता गर्न पुटिनलाई जेलेन्स्कीको आह्वान**

यसैबिच युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई रुस र युक्रेनबिचको चार वर्षभन्दा लामो द्वन्द्व अन्त्य गर्नका लागि प्रत्यक्ष वार्ता गर्ने आह्वान गरेका छन् ।

खुला पत्रमा जेलेन्स्कीले युद्ध अन्त्य गर्ने प्रस्ताव इमानदारीपूर्वक, मर्यादाका साथ र पुन: युद्ध नहुने ग्यारेन्टीका साथ गरिनुपर्नेसमेत उल्लेख गरेको छन् ।

जेलेन्स्कीले प्रस्तावित बैठक परम्परागत रूपमा अन्तर्राष्ट्रिय वार्ताको लागि मध्यस्थताको भूमिका निर्वाह गर्दै आएका स्विट्जरल्याण्ड, टर्की वा अरबका कुनै देशहरूमा हुन सक्ने उल्लेख बताएका छन् ।

जेलेन्स्कीले आफ्नो देश वार्ता प्रक्रियाको अवधिमा पूर्ण युद्ध-विराम लागू गर्न तयार रहेको बताउँदै संयुक्त राज्य अमेरिकासहितका अन्य अन्तर्राष्ट्रिय साझेदारहरूले युद्धविरामको पालनाको निगरानी गरेर मद्दत गर्न सक्ने बताएका छन् ।

प्रतिक्रियामा, क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रुसले युद्ध-विराम प्रस्तावलाई स्वागत गरेको उल्लेख गर्दै जेलेन्स्कीले कुनै पनि समयमा मस्कोको यात्रा गर्नसक्ने बताउनुभएको छ ।

पेस्कोभले राष्ट्रपति पुटिनले अझै पनि उक्त खुला पत्रको समीक्षा नगरिसकेको बताउँदै चाँडै यसको बारेमा जानकारी दिइने बताउनुभएको छ ।

द्वन्द्व समाधानका लागि कूटनीतिक प्रयासहरू रोकिएका कारण खुल्ला पत्र आदान-प्रदान भएको जनाइएको छ ।

यसैबिच पुटिनले कुनै पनि दीर्घकालीन सम्झौताले रुसको सुरक्षा चिन्तासहित युद्धको 'मूल कारण' को रूपमा वर्णन गरेको विषयलाई सम्बोधन गर्नुपर्ने बताउनुभएको छ ।

# युद्ध-विराम प्रयासका बाबजुत इजरायलद्वारा लेबनानमा आक्रमण जारी

बेरूत, लेबनान, २२ जेठ (एएफपी) । संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा गरिएको युद्ध-विराम प्रयासलाई अस्वीकार गर्दै हेजबुल्लाह विरूद्धको आसन्न आक्रमणको चेतावनीपछि इजरायली वायु सेनाले शुक्रबार लेबनानको गाउँमा आक्रमण गरेको छ ।

हिजबुल्लाहले इजरायलमाथि प्रत्याक्रमण गरेपछि लेबनान मध्यपूर्वको चरम युद्धमा तानिएको थियो ।

यस हप्ता वासिङ्टनमा भएको लेबनानी र इजरायली दूतहरूको संयुक्त बैठकमा हेजबुल्लाहले स्पष्ट असहमति जनाउँदै सशर्त युद्ध-विराममा सहमति भएको थियो । जसमा हेजबुल्लाह समूहले प्रभावकारी युद्ध-विराम र दक्षिण लेबनानबाट पूर्ण इजरायली फिर्तीको माग गरेको थियो ।

इजरायलले इरानसँगको युद्ध सुरू भएदेखि लेबनानमा आफ्नो चर्को आक्रमण गरेको छ, जुनयुद्ध आफ्नो सहयोगी अमेरिकासँग मिलेर सुरू गरेको थियो ।

शुक्रबार इजरायली सेनाका अरबी भाषाका प्रवक्ता अविचाय अड्राईले दक्षिण लेबनानको सराफान्डसहित ६ वटा अन्य सहर र गाउँका बासिन्दाहरूलाई तत्काल खाली गर्न चेतावनी दिएको शुक्रबार जनाएका छन् ।

यस अघि उहाँले दक्षिणी लेबनानको लिटानी नदीको उत्तरमा रहेका तीनवटा गाउँका बासिन्दाहरूलाई आफ्नो घर छोड्न चेतावनी दिएको जनाएका थिए ।

हेजबुल्लाहका कार्यकर्ताहरू, उनीहरूको सुविधाहरू वा उनीहरूको हतियारहरू भण्डारणको नजिक रहेमा उनीहरूलाई खतरा रहने पनि सुझाव दिइएको छ ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सीले चेतावनी जारी गरिएका गाउँहरूबाट सामूहिक विस्थापन भएको रिपोर्ट गर्दै एउटा गाउँमा आक्रमण भइसकेको रिपोर्ट गरेको छ ।

लेबनानको दक्षिणी सहर टायरमा भएको इजरायली आक्रमणमा सात जनाको मृत्यु भएको लेबनानको नागरिक सुरक्षा स्रोतलाई उद्धृत गर्दै एएफपीले जनाएको छ ।

यसअघि हेजबुल्लाह प्रमुख नईम कासिमले बिहीबार वाशिङ्टनमा लेबनानी र इजरायली दूतहरूले घोषणा गरेको युद्ध-विरामलाई अस्वीकार गरेका थिए ।

इजरायली रक्षामन्त्री इजरायल काट्जले सेनाले यस चरणमा आफ्ना अपरेसनहरू जारी राख्ने बताएका थिए ।

टायर सहरको जबल अमेल अस्पताल नजिकै भएको इजरायली आक्रमणमा रातारात चार जनाको मृत्यु हुनुका साथै सात जना घाइते भएको जनाइएको छ । यसैगरी आवासीय क्षेत्रमा भएको अर्को आक्रमणमा तीन जनाको मृत्यु भएको छ भने दुई बच्चासहित पाँच जना घाइते भएका छन् ।

इजरायली बासिन्दाहरूलाई टायरको अधिकांश भाग छोड्न आदेश दिएपछि, धेरै मानिसहरू अन्यत्रका सहरहरूमा शरण लिन बाध्य भएको जनाइएको छ ।

आश्रयहरू भरिएका कारण, विस्थापित बासिन्दाहरू कार वा शिविरमा सुतिरहेको जनाइएको छ ।

हेजबुल्लाह लेबनानको लडाकु समूह हो जसले सन् १९७५-१९९० को गृह युद्धपछि आफ्नो हतियार हस्तान्तरण गर्न अस्वीकार गरेको थियो ।

लेबनानी सरकारले हेजबुल्लाहको सैन्य गतिविधिलाई अवैध घोषणा गरेको छ भने इजरायल नजिकैको लिटानी नदीको दक्षिण क्षेत्रमा उक्त समूहलाई नि:शस्त्र पार्ने प्रयास भइरहेको बताइएको छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयले मार्च -२ देखि इजरायलले गरेको आक्रमणमा कम्तीमा तीन हजार ५२६ जनाको मृत्यु भएको जनाएको छ ।

# इन्डोनेसियामा ज्वालामुखी विस्फोट

जकार्ता (इन्डोनेसिया), ५ जून (एएफपी) । पूर्वी इन्डोनेसियाको सक्रिय ज्वालामुखी माउन्ट लेवोटोबी लाकी-लाकी शुक्रबार पटक-पटक विस्फोट हुँदा त्यस क्षेत्रको आकाशमा बाक्लो खरानी उडेकाले स्थानीय एयर पोर्टहरू बन्द गर्न बाध्य तुल्याएको अधिकारीहरूले बताएका छन् ।

फ्लोरेस टापुमा अवस्थित उक्त ज्वालामुखी शुक्रबार बिहान ११:१५ बजे विस्फोट भएर २५ किलोमिटर वरपरको क्षेत्रको हावामा धुँवा तथा खरानी फैलिएको राष्ट्रिय ज्वालामुखी विभागले विज्ञप्ति जारी गर्दै उल्लेख गरेको छ ।

लेवोटोबी लाकी-लाकी ज्वालामुखी इन्डोनेसियाको दोस्रो उच्च सतर्क स्तरको ज्वालामुखीअन्तर्गत पर्दछ भने यसको क्रेटर वरिपरि पाँच किलोमिटर बहिष्करण क्षेत्र कायम गरिएको छ ।

यदि समयमा भारी वर्षा भएमा ज्वालामुखी विस्फोटबाट निस्केका सामग्रीको मिश्रण सहितको खतरनाक बाढी आउन सक्ने जनाउँदै ज्वालामुखी विभागले नदी नजिकका बासिन्दाहरूलाई पनि सतर्क रहन सुझाव दिएको छ ।

अधिकारीहरूले लेवोटोबी लाकी-लाकीबाट करिब ६० किलोमिटर पश्चिममा रहेको मौमेरे सहरको स्थानीय विमानस्थलमा सञ्चालन स्थगित गरेका छन्, जसका कारण पाँच वटा आन्तरिक उडानहरूलाई प्रभावित भएको विमानस्थल प्रमुख पार्थाहियान पञ्जाइतनलाई उद्धृत गर्दै एएफपीले बताएको छ ।

यसअघि गत जुलाईमा, लेवोटोबी लाकी-लाकी १८ किलोमिटर वरपरको क्षेत्रमा खरानी तथा धुवाँ फैलिने गरी विस्फोट हुँदा बालीको रिसोर्ट टापुको अन्तर्राष्ट्रिय विमानस्थलमा २४ वटा उडानहरू रद्द गर्न बाध्य तुल्याएको जनाइएको छ ।

इन्डोनेसिया, एक टापुहरूको समूहले बनेको राष्ट्र हो प्रशान्त 'रिंग अफ फायर' मा यसको स्थितिको कारण बारम्बार भूकम्पीय तथा ज्वालामुखी जन्य प्रकोपको सामना गरी रहनुपर्ने बाध्यता रहेको जनाइएको छ ।

हास्यव्यङ्ग्य

# भीडमा भेडा बन्ने कि भद्र ?

● इकुश्रे

हरेक मानिस यो बहुरङ्गी धर्तीमा रुँदै जन्मिएपछि एउटा सुन्दर, सुसंस्कृत र शान्त समाजको स्वर्णमयी परिकल्पना गर्छ । उसको नैसर्गिक, आन्तरिक र हार्दिक चाहना नै यही हुन्छ - सबैको प्रिय बन्ने, कसैको चित्त नदुखाउने र चोक-चौतारीमा 'आहा ! कति असल मान्छे' भनिने । आफू, समाजको एउटा रौँ जत्रो सानो एकाइ भए पनि सबैलाई मक्ख पार्न सकियोस् र कसैको आँखामा पनि आफू बिझिने काँडो बन्नु नपरोस् भन्ने खालको सुमधुर र सुकोमल सोच राख्नु स्वाभाविकै हो । अर्काको बेखुस मनमा खुसीको गुलाबी रङ्ग भर्नु र कोही बाटो बिराएर कुमार्गको खाल्डोमा खस्न लागेको छ भने उसलाई समातेर, सुधारेर र सुमार्गमा डोऱ्याएर 'पुण्य' कमाउनु मानवीय कर्तव्य पनि हो । तर, जब मानिस आदर्शको आकाशबाट फुत्त भुइँमा खस्छ र व्यवहारको धरातलमा ओर्लिएर हेर्छ तब यो असल बन्ने गन्तव्य निकै चुनौतीपूर्ण र आत्मघाती जस्तो प्रतीत हुन थाल्छ । सबैलाई खुसी पार्ने ख्याउटे अभिलाषा बोकेर हिँड्दाहिँड्दै मानिस कुन मोडमा पुगेर आफ्नै अस्तित्वको अन्त्येष्टि गर्न पुग्छ, त्यसको पत्तो पाउनै गाह्रो हुन्छ । यो संसार यस्तो विचित्र, विरक्तलाग्दो र बहुआयामिक छ कि यहाँ प्रत्येकका आ-आफ्नै रुचि, आ-आफ्नै आदत र आ-आफ्नै अनौठा अहम् छन् । यस्तो अवस्थामा सबैको प्रिय बन्न खोज्नु भनेको कठिन र कष्टकर विषय बन्न पुग्छ ।

मानव स्वभावको एउटा महा-विरोधाभास के छ भने, हामी अक्सर अरूको नजरमा 'नम्बर वान' असल देखिनका लागि आफ्ना मौलिक मूल्य, मान्यता र मर्यादाको कतिबेला बलिदानी दिइरहेका हुन्छौँ, बिचरा आफ्नै मगजलाई थाहा हुँदैन । साथीलाई सुखी र खुसी पार्नका लागि ऊ जस्तै कुरूप बन्नुपर्ने बाध्यता समाजको एउटा विशेष अवस्था हो । यदि कोही परम मित्र जड्याहा छ र उसलाई हजुरको सामीप्य प्रिय लाग्छ भने, उसको मन राख्न र मित्रता जोगाउन यहाँले पनि 'चियर्स' भन्दै बियर उठाउनै पर्छ । कोही जुवाडे वा तासको अम्मली छ भने उसको चित्त बुझाउन यहाँले पनि कौडाको खालमा कम्मर कसेर जम्नैपर्छ । अनि कोही चुरोटको धुवाँ उडाएर स्वर्गको अनुभूति गर्ने सोल्टी छ भने उसलाई नचिढ्याउन आफ्नै फोक्सोमा पनि कालो विष भर्न अघि सर्न सक्नुपर्छ । कस्तो विडम्बना ! कस्तो विकृति ! यदि हामीले तिनका ती आत्मघाती र अस्वस्थ रूचिहरूमा ताली पड्काएनौँ वा आफूलाई अलग राख्यौँ भने सम्बन्धमा तत्कालै अमिलोपन, तितोपन र टर्रोपन आउँछ ।

यो संसार- कतिपय अवस्थामा हावादारी सङ्ख्याको बल, सन्काहाहरूको सहकार्य र बहुमतको बबण्डर पनि चल्दो रहेछ जहाँ सत्य, सदाचार र न्याय कहिलेकाहीँ अल्पमतको अँध्यारो कोठामा निसासिएर 'ऐया-ऐया' भन्दै बस्न बाध्य हुन्छन् । खानपानकै कुरा कोट्याउने हो भने पनि, कोही मानिस करुणा र अहिंसाको बाटो रोज्दै सात्विक शाकाहारी बन्छ । तर, यदि बहुसङ्ख्यक समाज मांसाहारी छ भने त्यहाँ त्यो एउटा शाकाहारी व्यक्ति अल्पमतको टापुमा एक्लै पर्छ । अचम्मको कुरा त के छ भने, आफ्नो भिन्न र भव्य जीवनशैलीका कारण ऊ मांसाहारीहरूको नजरमा 'अप्रिय', 'असामाजिक' वा 'अर्कै ग्रहको प्राणी' ठहरिन पुग्छ । बहुसङ्ख्यकको आँखामा आफ्नो रुचिभन्दा फरक विमति राख्ने जोकोही पनि अनौठो, अचम्मको र त्याज्य देखिन्छ । मानौँ, असल हुनुको परिभाषा भीडको पछि लागेर भेडा बन्नु मात्रै हो ! यो भीडतन्त्रले व्यक्तिको विवेक, विचार र स्वतन्त्रतालाई यसरी मिचिदिन्छ कि मानिस आफू सही हुँदाहुँदै पनि समाजको अदालतमा दोषीजस्तै शिर झुकाएर उभिनुपर्ने स्थिति आउँछ ।

झन् सामाजिक र व्यावहारिक जीवनमा 'जाती' वा 'भलाद्मी' बन्न खोज्नु त झनै ठुलो पासोजस्तो देखिन्छ । कसैले गर्जो टार्नका लागि असाध्यै अनुनय-विनय गरेर, रुवाबासी गरेर ऋण लैजान्छ, तर पैसा हात परेका दिनदेखि ऊ 'परम मित्र'बाट 'प्रख्यात फटाहा' बनिदिन्छ । अब आफ्नो रगत-पसिनाको पैसा फिर्ता माग्दा आफू 'खराब', 'निष्ठुरी' र 'निर्दयी' भई सम्बन्ध बिग्रने डर ! पैसा नमाग्दा आफ्नै उठिबास हुने - कस्तो 'धर्मसङ्कट' ! त्यस्तै, छिमेकीको संस्कृति र चेतनाको स्तर पनि अर्को एउटा ठुलो परीक्षा बनिदिन्छ । पल्लो कोठाको सुप्रसिद्ध छिमेकीले मध्यरातमा वा ब्रह्ममुहूर्तमा स्पिकरमा चर्को स्वरमा 'डिस्को गीत' बजाउँछ, जसले आफ्नो शान्ति, अध्ययन, ध्यान वा निन्द्राको निर्मम हनन गरिरहेको हुन्छ । तर, सभ्यता र शिष्टताको नाताले 'यसो नगरिदिनुस् न' भन्यो भने ऊ तत्कालै आगो हुन्छ, आँखा तर्छ र शत्रुता साध्न थाल्छ । अर्को छिमेकीको घरमा बाह्रै महिना, चौबीसै घण्टा तासको खाल जम्छ, जहाँ हारजितको उन्मादमा चर्को स्वरमा हल्लाखल्ला, गालीगलौज र महाभारत हुन्छ । समाजको एउटा शान्तिप्रिय नागरिक भएर 'यस्तो नगरौँ, यसले बालबच्चा र समाजमा नराम्रो असर पर्छ' भनी सम्झाउन खोज्दा गुण्डागर्दी र झगडाको सामना गर्नुपर्छ, मानौँ सम्झाउने मान्छे नै समाजको मुख्य शत्रु हो ।

तल्लो तलामा बस्ने घनिष्ठ मित्रले बिहानको शुभ मुहूर्तमा, जब माथ्लो कोठाको मानिस चिया पिउँदै वा शान्त मनले स्वस्थ खाना खाँदै नयाँ ऊर्जाको सञ्चय गरिरहेको हुन्छ, ठ्याक्कै त्यही बेला सट्ट चुरोट सल्काएर सुइँयाँ स्वादले तान्छ । त्यो कोठाबाट निस्किएको नीलो, विषालु र दुर्गन्धित धुवाँ भऱ्याङ, झ्याल, ढोका हुँदै माथिल्लो कोठमा बस्ने मानिसको मुखैमा, नाकभित्र र श्वासनलीमै जबरजस्ती पस्न आइपुग्छ । अब त्यो 'धुवाँवाल मित्र' लाई के भन्ने ? केही भनौँ भने रिसाएर, रातोपिरो भएर सम्बन्धमा दरार आउने, नभनौँ भने आफ्नै स्वास्थ्य दिनप्रतिदिन बर्बाद हुने ! अरूको स्वच्छन्दता र स्वतन्त्रताको सम्मान गर्ने धुनमा मानिसले आफ्नै आधारभूत बाँच्ने अधिकार र स्वच्छ हावा पाउने नैसर्गिक अधिकारसमेत गुमाउनुपर्ने यो कस्तो सभ्य समाज हो ?

यहाँ खराबलाई असल बनाउने र सुधार्ने प्रयासहरू कतिपय अवस्थामा बालुवामा पानी हाले सरह, भैँसीको अगाडि बिन बजाए सरह निरर्थक साबित हुन्छन् । चेतना र विवेकको दियो झ्याप्पै निभाएर अन्धकारमा बसेका मानिसहरूलाई सम्झाउन खोज्नु भनेको आफ्नै ऊर्जा, ओज र समयको बर्बादी मात्र जस्तो देखिन्छ । जब समाजमा खराब मानिसहरूलाई आफ्नो गल्तीको कति पनि महसुस हुँदैन र उनीहरू आफ्नै विकृति र विसङ्गतिलाई मौलिक अधिकार सम्झन्छन्, तब असल मानिसहरूका लागि यो समाजमा शान्तिसँग बाँच्ने वातावरण हुँदो रहेनछ ! खराबलाई कसै गरी सुधार्न नसकिने यस्तो पथभ्रष्ट, पतित र खराब वातावरणमा आफू मात्रै असल बनेर, आफ्ना सिद्धान्तहरू जोगाएर र आफ्नो मर्यादाभित्र रहेर बाँच्नु निकै गाह्रो, कष्टकर र मानसिक रूपमा अत्यन्तै पीडादायी र सकसपूर्ण काम हुन पुगेको छ ।

तर, यति भन्दैमा के असलपनको अन्त्येष्टि वा विसर्जन नै यसको समाधान हो त ? अवश्य होइन, कदापि होइन । बरु, 'सबैको प्यारो' बन्ने भ्रमको त्यान्द्रोलाई चटक्क चुँडाल्नु नै वास्तविक बुद्धिमानी हुन्छ । असल हुनु भनेको अरूको खराब र कुरूप बानीमा ल्याप्चे लगाउनु वा तिनीहरूका गलत क्रियाकलाप सहेर मौन बस्नु कदापि होइन । सत्य बोल्दा, आफ्नो अधिकार खोज्दा र विकृतिको डटेर विरोध गर्दा यदि कोही रिसाउँछ, कराउँछ वा सम्बन्ध अमिलो हुन्छ भने, त्यस्तो अमिलो र सडेको सम्बन्धको अवसान नै श्रेयस्कर हुन्छ । जड्याहा, जुवाडे वा धूमपान गर्ने साथीलाई खुसी पारेर आर्जन गरिने 'सद्भाव' वास्तवमा सद्भाव नभएर विनाशको आमन्त्रण हो, आफ्नै खुट्टामा बन्चरो हान्नु हो । छिमेकी वा कोठावालको गलत बानीलाई सहेर बस्नु भनेको उनीहरूको अपराधलाई मौन समर्थन दिनु र कायर बन्नु हो । त्यसैले, समाजमा असल बनेर बाँच्नका लागि एउटा बलियो आत्मिक साहस, स्पष्ट अडान र बलियो लक्ष्मणरेखाको आवश्यकता पर्छ, जहाँ हामी अरूलाई खुसी पार्नका लागि आफ्नो आत्मसम्मान र विवेकको सौदाबाजी गर्दै गर्दैनौँ । भीडभन्दा अलग उभिएर, भीडतन्त्रको प्रवाहलाई लत्याएर पनि यदि कोही आफ्नो सात्विकता, सदाचार र स्वाभिमानमा अडिग रहन सक्छ भने, ढिलोचाँडो यो संसार र समाजले उसको वास्तविक मूल्य बुझ्न बाध्य हुन्छ । संसारलाई बदल्न नसकिएला, तर संसारको कुरूप, कसिलो र कलुषित प्रवाहमा आफूलाई बग्न नदिनु नै वास्तवमा यो कठिन समाजमा असल बनेर बाँचिरहने एकमात्र उत्तम, उत्कृष्ट र विशिष्ट कला हो ।

लघु कथा

# चास्नी पोटेको गोली

✍ बचु यादव

साँझतिर काठमाडौँ घुम्न आएका हुम्लाका साथी भीमसेनस्तम्भ बाटिकामा आराम लिएर पत्रिका पढ्दै थिए । त्यही समयमा ताप्लेजुङका साथी पनि झोला बोकेर त्यहाँ आइपुगे । उनले बाटोमा आगो र धुँवामा पसिना बगाई मकै पोलेर बेच्दै गरेका महिलासँग चार घोगा पोलेको मकै किनेर ल्याएका थिए । त्यस्तै जनकपुर र लुम्बिनीका दुई जना साथी पनि एक किलो काँक्रो बोकेर घुम्दै त्यहीँ आइपुगे । चारैजना साथीहरूको चिनापर्ची भयो । उनीहरूले कार्यकर्ताहरूको विचार र आचरण बारेमा छलफल सुरु गरे ।

ताप्लेजुङका साथीले अरु साथीहरूलाई आफूले किनेर ल्याएको मकै बाँडेर आफूलाई पनि एक घोगा मकै लिए । छोडाएको एक पसर मकै चपाउँदै उनले भने, आहा ! मकै त कति मिठो छ है साथी ? किसान, मजदुरको रगत पसिनाले भिजेको आगो धुवाँमा पसिना चुहाइचुहाइ मेहनत गरेर पोलेको मकै त मिठो हुने नै भयो । उनीहरूले जस्तै दलका नेता कार्यकर्ताहरू ती ठेला उठेका पोलेका हात र अनुहारलाई सम्झेर काम गरेका भए देश बनिसक्थ्यो । विदेशीसँग हात फैलाउनुपर्ने थिएन । त्यसको लागि झुक्नुपर्ने थिएन । उनीहरू त यस्तै बहुमत मजदुर किसानको मतबाट चुनावमा जितेका हुन् । जितेपछि उनीहरू कम्युनिस्ट सिद्धान्त र आचरणविपरीत पुँजीवादी सरकारमा पटक पटक गए । उनीहरू त्यो गुलियो पोटेको चास्नीमा डुबे; बहुमत मजदुर किसानलाई बिर्से । उनीहरूले काठमाडौँमा बङ्गला र पजेरो जोडे ।

ताप्लेजुङका साथीको विचारलाई जोड दिँदै जनकपुरका साथीले पनि भने, बहुत अच्छा बात गर्यो साथीले । नेता माओ त्सेतुङले गोलीले जित्न नसकिने कम्युनिस्टहरूलाई चास्नी पोटेको गोलीले जित्छन् भन्नुभएजस्तै पुँजीवादी सरकार एनजीओ, आइएनजीओको गुलियो चास्नी पोटेको गोलीले उनीहरूलाई सिध्याई दिएछ हजुर । होइन साथी ?

एकदम हो साथी ! हुम्लाको साथीले उनको विचारमा सहमति जनाउँदै भने, "उनीहरू वर्ग शत्रु, विदेशीको प्रशंसा र आर्थिक सहयोगको जाल षड्यन्त्रबाट बच्न सकेनन् । बिनास्वार्थ सित्तैमा कसैले केही सहयोग गर्दैन, दिँदैन । मित्र कम्युनिस्ट पार्टीका सिद्धान्तनिष्ठ, इमानदार त्यागी नेताहरूले आलोचना गरेर सचेत नगरेका होइनन् । उनीहरूलाई ठुलो पार्टी, ठुलो नेताको दम्भ, सङ्कीर्ण विचारले बाहिर आउन दिएन । त्यसैले उनीहरूलाई हुर्मत लिँदै जनताको सामुने पत्रु बनाई देशको राजनीतिक मञ्चबाट दूधको झिँगा फालेजस्तै फालिए, फालिँदै छन् । उनीहरूले देशको कृषि उद्योग, कलकारखाना चौपट पारे देशको स्वतन्त्रता, सार्वभौमिकता नै समाप्त हुने खालको एमसीसी, एसपीपी जस्ता देशघाती सन्धि सम्झौता गरे । त्यसका लागि उनीहरूलाई विदेशीहरूले आदेश धम्की दिन आए ।

लुम्बिनीका साथीले पनि उनको विचारलाई समर्थन गर्दै भने, 'बहुत् गम्भीर बात छ है । देशको इतिहास मेटाउन अङ्ग्रेज सामाज्यवादसँग रतिभर नझुकीकन लड्ने वीर योद्धा भीमसेन थापाले बनाउन लगाएको ऐतिहासिक भीमसेनस्तम्भ धरहरा नेपाली प्रविधिमै बलियो र सुन्दर हुने गरी पुनः निर्माण नगरी कङ्क्रिटको टावर बनाए । अब उनीहरू तमाम देशघाती कामको जनतासँग माफी मागेर अगाडि बढ्नु जरुरी छ । लडाइँमा हारेको सिपाही झन राम्रोसित लड्छ भनेझैँ देश र जनताको निःस्वार्थ सेवामा समाजवादी व्यवस्था स्थापना गर्न शिर ठाडो पारेर अगाडि बढ्ने हो, लड्ने हो । होइन साथी ? लौ साथी यसको लागि तपाईँहरू दुईजना पूर्व गएर, हामीहरू दुईजना पश्चिमतिर गएर जनतालाई सचेत र सङ्गठित गरेर अगाडि बढ्ने प्रण गर्दै उनीहरू झोला बोकेर त्यहाँबाट हिँडे ।

कविता

# बाँदरराज

✍ साहिँला

पूर्व मेची, पश्चिम महाकाली
तराई, पहाड, हिमाल
हिजो आज देशैभरि
चलिरहेछ बाँदरराज ।

गाउँ गाउँ बस्ती बस्तीको
बाली नाली नष्ट गर्दै
छाप्रो छाप्रो चहारी
बाँदरहरू आतङ्क मचाउँदै छन् ।

आश्वासन दिए निर्वाचनमा
बाँदर आतङ्क रोक्ने छौँ

समयमै नियन्त्रण गरी
जनतालाई राहत दिने छौँ ।

जितेर गए, नेता भए
गाउँ बस्ती बिर्सेछन्
किसानहरू घरबार छोडी
सहर बजारमा विस्थापित छन् ।

बाँदर आतङ्कले पीडितहरू
स्थानीय निकाय, नेताकहाँ धाए
हसबहादुर मात्र भेट्टाए
बाँदरहरू त सिंहदरबार पो छिरेछन् ।

दुईतिहाइ नजिक भन्थे
नयाँ सोच नयाँ सरकार रे !
पुरानै पाराले अध्यादेश ल्याए
संसदीय मर्यादा भुले ।

आखिर बाँदरको स्वभाव न हो
बनाउँदैन आफूले
सम्पत्ति देशको भन्दैन
आँखा चिम्ली बिगार्छ ।

बिगार्ने र सपार्नेबिच
बिगार्नेको हालीमुहाली छ
तथ्य-सत्य मन नपराउने
विध्वंशकारीहरूको बाहुल्य छ ।

हिजो भ्रष्टाचारी र कमिसनखोरहरूकै
जङ्गलराज चलेको थियो
आज पनि जनताको रगत पसिना लुट्ने
उन्मत्त बाँदरहरूको राज चलेकै छ ।

# डरको राजनीति

✍ सत्य सुवाल

यो देशमा
डर केवल भावना होइन,
शासन चलाउने पुरानो हतियार हो ।

जनता डराइरहेका छन् -
कर बढ्ला भनेर,
जागिर छुट्ला भनेर,
छोराछोरी बिदेसिन बाध्य होलान् भनेर ।

कर्मचारी हाकिमसँग डराउँछन्,
व्यापारी कर कार्यालयसँग,
किसान बजारसँग ।

सुकुमवासी झन् बढी डराउँछन् -
भोलि डोजर आउला भनेर,
वर्षौँदेखिको टहरा उजाड होला भनेर ।
चुनावताका 'जनता',
चुनावपछि 'अवैध बस्ती' बनाइन्छन् ।

कम्युनिस्ट सिद्धान्तले
जमिन र श्रमिकको अधिकारको कुरा गर्यो,
तर, आज
रातो झण्डामुनि
जग्गा दलाली मौलिएको छ ।

मार्क्स भाषणमा छन्,
तर, भूमिहीन जनता
अझै खोलाको किनारमै छन् ।
राजनीति विचारले होइन,
समीकरण र स्वार्थले चलिरहेको छ ।

जनताको नाममा सत्ता चढ्नेहरू
जनताभन्दा
ठेकेदार र बिचौलियासँग नजिक छन् ।

र जनता ?
उनीहरू अझै
चुनाव आउँदा आशामा,
चुनाव सकिँदा निराशामा बाँच्छन् ।

साँचो राजनीति भनेको
झुपडी हटाउनु होइन,
मान्छेलाई सम्मानसहित बाँच्ने आधार दिनु हो ।

नत्र
यो देशमा
डरको अर्थशास्त्र यस्तै चलिरहनेछ -
जहाँ गरिब सधैँ असुरक्षित,
र सत्ता सधैँ सुरक्षित हुन्छ ।

# अब प्रायश्चित्त गरेर निस्कनू !

✍ स्नेह

निहत्था जनतामाथि गोली हान्नेहरू
दोषी किन होइनन् ?
देशभरि आगजनी गर्नेहरू
दोषी किन होइनन् ?
आयोगको निर्णय त आयो
मुख्य मुख्यको नाम कसरी छुट्यो ?
कर्मचारीको तलब बढाउँदैमा
के सरकार सुरक्षित होला ?
देशमा आगो लगाउनु
के अर्थतन्त्रमा आगो लगाउनु होइन ?
आर्थिक विधेयकको पृष्ठ हराउनु
बीवाइडीमा दुई अर्ब घोटाला हुनु हो ?
"नेपालले भारतको सीमा मिचेको छ"
संसद्मा बोलेको यही हो
टोन स्लिप कि टङ स्लिप
बहानाबाजी किन ?
२०५५ सालमा सीमा नक्सा
भारतले एकतर्फी कारेको
चेतना नभएकाहरू
सरकारमा पुगेर के गर्नु ?
'दिल्लीतिर आँ गर्दै' ऱ्याप व्यङ्ग हान्नेहरू
होस गर्नू
देशघातको कलङ्क मेटिने छैन
अब प्रायश्चित् गरेर निस्कनू !

(२०८३ जेठ २२ गते)

# नेपाली वास्तुकला गीत

✍ सृजना प्रजापति

हिमालको छानामुनि तराईको काख ।
पहाडको दुईपाखे छाना जानी राख ।
माटोको घरमा हेर, झिङ्गटीको छानो ।
गर्मीमा कति शीतल, जाडोमा छ न्यानो ।
हिमालको छाना मुनि हा हा...
छिँडी, मातन, चोटा र बुइँगलको माथ -२
आँगनको पालीमा सामूहिक भेटघाट -२
साँझ्यः, टिकिझ्यः, मयुर झ्याल सुन्दर ।
इँट नै थरी थरी जान्न लाग्यो रहर ।
चुको, ननीमा खेल्ने कति रोचक ।
पाटी, सत्तल र हिती कति मोहक ।
हिमालको छानामुनि हा... हा...
गगनचुम्बी महल सहरमा बनाउने -२
कसैको झोपडी पहिरोले बगाउने -२
कङ्क्रिटको जङ्गलले ढाक्यो हरियाली
आफ्नो प्रविधि बचाऔँ आउ सबैजना मिली
हिमालको छानामुनि...
पहाडको दुईपाखे...

# जनपक्षीय गायक सूर्य वाइबाको देहावसान



काभ्रे, २२ जेठ । मण्डनदेउपुर नगरपालिका वडा नं. २ निवासी पिता कुलमान वाइबा माता साइली वाइबाका कान्छा छोरा सूर्य वाइबाको देहावसान भएको छ । कलेजोसम्बन्धी रोगका समस्याको कारण टिचिङ अस्पताल महाराजगञ्जमा उपचारको क्रममा जेठ २२ गते शुक्रबार उहाँको देहावसान भएको हो ।

वालाम्हेन्दो सांस्कृतिक समूह नाल्दुमका पूर्व अध्यक्ष, नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ काभ्रेका अध्यक्ष, नेमकिपा काभ्रे जिल्ला समितिका सदस्य वाइबाले जनपक्षीय गायकको रूपमा परिचित हुनुहुन्थ्यो । पेशाले उहाँ शिक्षक हुनुहुन्थ्यो ।

वि.सं. २०४० वैशाख २४ गते जन्मनुभएका वाइबाको माता, श्रीमति, दुई छोरी र एक छोरा हुनुहुन्छ । उहाँको पार्थिव शरीरलाई शुक्रबार स्वयम्भुमा अन्त्येष्टि गरियो । पार्थिव शरीरमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवाल र केन्द्रीय सदस्य कृष्णकुमार वैद्यले पार्टीको झण्डा ओढाई अन्तिम बिदाइ गर्नुभयो ।

वाइबाप्रति श्रद्धा सुमन अर्पण गर्दै सचिव सुवालले उहाँले गर्नु भएको राम्रो कामको अनुसरण गर्नु कार्यकर्ताहरूको कर्तब्य भएको बताउनुभयो । उहाँको योगदानबारे नयाँ पुस्तालाई बताउनुपर्ने र युवा पुस्तालाई धुम्रपान, मध्यपानजस्ता कुलतबाट बचाउनुपर्नेमा जोड दिनुभयो । सचिव सुवालले शोकलाई शक्तिमा बदलेर कार्यकर्ताहरूले देश र जनताको हितमा काम गर्नुपर्ने बताउनुभयो । सचिव सुवालले यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति समवेदना ब्यक्त गर्नुभयो । दिवंगत वाइबाको योगदानबारे नेमकिपा वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरूङले प्रष्ट पार्नुभएको थियो ।

# अल नेपाल सिभिल इन्जिनियरिङ फूटबलका उपविजेता खेलाडी सम्मानित

भक्तपुर, २२ जेठ । "अल नेपाल सिभिल इन्जिनियरिङ फूटबल कप २०८३" मा उपविजेता बनेर कलेजको गरिमा बढाउन सफल विद्यार्थी खेलाडी टोलीलाई ख्वप इन्जिनियरिङ कलेजले शुक्रबार एक विशेष कार्यक्रमको आयोजना गरी बधाई तथा धन्यवाद ज्ञापन गरेको छ ।

काठमाडौँ विश्वविद्यालय (केयू) सिभिल इन्जिनियरिङ क्लवको आयोजनामा जेठ ११ देखि १९ गतेसम्म धुलिखेलस्थित विश्वविद्यालयको मैदानमा प्रतियोगिता सञ्चालन भएको थियो । विभिन्न १५ कलेजबिचको कडा प्रतिस्पर्धामा उत्कृष्ट प्रदर्शन गर्दै ख्वप इन्जिनियरिङ कलेजले दोस्रो स्थान हासिल गरेको हो ।

कलेज हलमा आयोजित बधाई तथा सम्मान कार्यक्रममा कलेजका उप-प्राचार्य डा. सुवेगमान बिजुक्छेँले खेल अवधिभर उत्कृष्ट खेल कौशल र अनुशासन प्रदर्शन गर्ने खेलाडीहरूलाई मायाको चिनो प्रदान गर्नुभयो ।




उहाँले विद्यार्थीहरूलाई बधाई दिनुका साथै खेलको प्राविधिक पक्षसँगै खेलाडीहरूले मैदानमा देखाएको भूमिकाको प्रशंसा गर्नुभयो । उहाँले विद्यार्थीहरूले खेलको नतिजा वा जितलाई मात्र केन्द्रित नगरी मैदानमा अनुशासन र खेल मित्रता प्रदर्शन गरेको बताउनुभयो ।

विभिन्न इन्जिनियरिङ कलेजहरूले सहभागिता जनाएको यस प्रतियोगितामा दोस्रो स्थान हासिल गर्नु आफैँमा ऐतिहासिक उपलब्धि भएको उहाँले भन्नुभयो ।

यस्ता प्रतियोगिताहरूले कलेज र विद्यार्थीहरूबिच प्राविधिक ज्ञानको आदानप्रदान मात्र नभई कलेज-कलेजबिच आपसी भ्रातृत्व, खेल मित्रता र अनुशासनको जग बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेलेको विश्वास कार्यक्रममा व्यक्त गरिएको थियो । कलेजले आगामी दिनमा पनि विद्यार्थीहरूको खेलकुद प्रतिभालाई प्रवर्द्धन गर्न निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

*राष्ट्रिय...*

प्रहरी महानिरीक्षक दानबहादुर कार्की, प्रहरी नायब महानिरीक्षक ओमविक्रम राणा, वरिष्ठ प्रहरी उपरिक्षक विश्व अधिकारी, तत्कालीन अतिरिक्त सशस्त्र प्रहरी महानिरीक्षक नारायणप्रसाद पौडेल, सशस्त्र प्रहरी उपरिक्षक जीवन के.सी., राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन निर्देशक कृष्ण खनाल, काठमाडौँका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल तथा भदौ २३ गते बानेश्वर र संसद् भवन क्षेत्रमा फिल्डमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका फिल्ड कमान्डरहरूलाई मानव अधिकार उल्लङ्घन गरेकोमा नेपालको संविधानको धारा २४९ (२) को (ङ) बमोजिम प्रक्रिया पुऱ्याई विभागीय कारबाही गरी सोको जानकारी यस आयोगलाई दिन ।

३. तथ्य र विश्लेषण खण्डको प्रकरण नं. २९ मा नाम उल्लेख भई मानव अधिकार उल्लङ्घनमा जिम्मेवार देखिएका अवकाशप्राप्त पदाधिकारीहरू प्रहरी महानिरीक्षक चन्द्र कुवेर खापुङ, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापालाई नेपालको संविधानको धारा २४९ को उपधारा २ (ग) बमोजिम गर्न । साथै निजहरूलाई भविष्यमा कुनै पनि सरकारी सेवाको जिम्मेवारी नदिने गरी रेकर्ड राख्न ।

४. अनुसन्धानको क्रममा सङ्कलित मिसिल संलग्न सबुत प्रमाणहरूको सूक्ष्म विश्लेषण गर्दा २३ र २४ गतेको प्रदर्शनमा सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनसमेतमा तोडफोड तथा आगजनी गरी देशैभरि जुन प्रकारको मानवीय, भौतिक तथा आर्थिक क्षति भएको छ । सो हुनुमा नेपाली सेनाको पनि कमजोरी देखिएको, जनअपेक्षाअनुरूप राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न नसकेको तथा आम नागरिकको मानव अधिकार संरक्षणप्रति संवेदनशील हुन नसकेको देखिँदा भविष्यमा यस्ता विषयमा गम्भीर भई राष्ट्रिय सम्पत्तिको संरक्षण र आम नागरिकको मानव अधिकार संरक्षणप्रतिको दायित्वलाई प्राथमिकता दिन प्रधानसेनापतिलाई निर्देशन दिने र सिंहदरबारको सुरक्षाको लागि सिंहदरबारभित्र रहेको सेनाको गणका तत्कालीन प्रमुख र राष्ट्रपति भवन शीतल निवासका सेनाका तत्कालीन कमान्डरलाई सचेत गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

## श्रमदानको लागि अनुरोध

BHAKTAPUR MUNICIPALITY



भ.न.पा.को आर्थिक लगानीमा भक्तपुर नगरपालिका वडा नं. १ दूधपाटीस्थित ऐतिहासिक एवम् सांस्कृतिक महत्त्वको सिद्धपोखरी जीर्णोद्धार भइरहेको व्यहोरा सम्पूर्णमा जानकारीको लागि अनुरोध गरिन्छ । अत: उक्त जीर्णोद्धार कार्यमा श्रमदान गर्न इच्छुक महानुभावहरू, स्थानीय बासिन्दाहरू, टीम क्लव, दाफा भजन समूह, गुठी समूह, सङ्घ संस्थालगायत सम्पूर्णलाई सम्बन्धित उपभोक्ता समितिमा सम्पर्क गरी हाम्रो गौरवका सम्पदा संरक्षण कार्यमा स्वेच्छिक श्रमदानको लागि हार्दिक आह्वान गरिन्छ ।

**सिद्धपोखरी पेटी पुन:निर्माण उपभोक्ता समिति**

**सम्पर्क**

**कृष्णबहादुर दुगुजु**
**अध्यक्ष, सिद्धपोखरी पेटी पुन:निर्माण उपभोक्ता समिति**
**सम्पर्क नं. : ९८४१५९०३२९**

## हार्दिक समवेदना



जन्म
१९९५/०६/१४

स्वर्गारोहण
२०८३/०२/१७

यस समूहका आत्मीय मित्रहरू गणेशकुमार र राजकुमार ह्योङ्गजूकी ममतामयी माता साथै लक्ष्मीप्रसाद ह्योङ्गजूकी ममतामयी हजुरआमा **मोहनकेशरी ह्योङ्गजू**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| हरिनारायण लवं | कृष्ण गुज | विष्णु ह्योङ्गजू |
| गोपीकृष्ण लवं | हरिकृष्ण लवं | न्हुछेराम लवजू |
| कृष्णप्रसाद गुज | श्रीकृष्ण छुस्याबाग | कृष्णप्रसाद चोलेखो |
| राकेश गुज | दशराम लवजू | |

**दत्तात्रय मको धिमे खल:**
भक्तपुर, नेपाल

## जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो–यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म: २०१७/०३/१८
निधन: २०८३/०१/२०

भक्तपुर जिल्ला हाल चा.न.पा. वडा नं. ५ पिखेल टोल बस्ने यस संस्थाका सदस्यता नं. ९४०४ का सदस्य **मैयाँ थापा**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



जन्म :१९९५/०६/१४
निधन :२०८३/०२/१७

यस भक्तपुर आदर निकेतनमा आबद्ध ज्येष्ठ नागरिक **मोहनकेशरी ह्योङ्गजू**को अनपेक्षित निधनले हामी आदर निकेतनमा आबद्ध परिवार अत्यन्त दुखित छौँ । यस दु:खद घडीमा आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर आदर निकेतन परिवार**
च्याम्हासिंह, भ.न.पा.-९

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा